म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२७ बिहीबार १५ चैत २०८० ने. सं. ११४४ चिल्लागा 28 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

डढेलोले,
☞ वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
☞ वातावरणीय प्रदूषण बढाउँछ,
☞ भूक्षय बढाउँछ,
☞ पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आगामी योजना बनाउन वडा तहमा पुग्दै उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ जनताबाटै सुझावअनुसार नगरको विकासलाई अघि बढाउने उद्देश्य अनुरुप हेटौंडा उपमहानगरपालिकाले वडास्तरबाटै योजना बनाउन सुरु गरेको छ । आगामी आर्थिक वर्ष २०८१/८२ मा हुने कामलाई नगर बासीबीच अपनत्व गराउन आवश्यक रहेको भन्दै उपमहानगर वडातहमा पुग्न लागेको हो ।

नगरवासीलाई आगामी योजनामा समावेश गराउनका लागि बुधबार हेटौंडा उपमहानगरपालिका-१ नम्बर वडाबाट आर्थिक वर्ष २०८१/८२ को वार्षिक योजना निर्माणका लागि सरोकारवालासँग छलफल तथा सुझाव संकलन सुरु गरेको हो । वडातहबाटै आएको मागअनुसार काम गर्दा नगरको विकासमा सबैको भावना समेटिने भएकाले १९ वडामा योजना संकलनको काम हुने उपमहानगर पालिका बित्त व्यवस्थापन महाशाखा प्रमुख अनिरुद्र नेपालले बताए । पालिकाको बजेट निर्माणपूर्व ७ चरणमा छलफल र समन्वय गर्नुपर्ने नीतिअनुसार उपमहानगर सबै वडामा पुग्नेगरी काम अघि बढाइएको उनले जानकारी दिए । सूचना संकलन गर्दै श्रोतलाई सुनिश्चितता गर्ने उद्देश्यअनुसार काम अघि बढाएको उनले बताए ।

अधिकार आफैंमा राख्ने नेतृत्वकर्ताको सोच हुने अवस्थामा उपमहानगरले जनतालाई सुबिधा दिने सोच अनुसार योजनाको भुक्तानी र फरफारकको काम वडाबाटै गर्नुले नगरको काममा सहजता भएको महाशाखा प्रमुख नेपालले



बताए । आउँदो वर्ष बन्ने बजेटमा वडाको राजश्व संकलनको क्षमताअनुसार बजेट व्यवस्थापन गर्ने सोच रहेको भन्दै राजश्व संकलनलाई प्राथमिकतामा राखेर काम गर्न आवश्यक रहेको उनले बताए । १ नम्बर वडा कार्यालयमा भएको सुझाव संकलनमा स्थानीयले खानेपानी, स्वास्थ्य, शिक्षा र पूर्वाधार विकासको काम गर्न आवश्यक रहेको बताए ।

वडाको नकौली, ध्याङसिङटार, भैरवडाँडा सहितको माथिल्लो भेगमा खानेपानीको चरम समस्या रहेको भन्दै दैनिक छाकटार्ने पानीको व्यवस्थापनका लागि २/३ घण्टाको यात्रा गर्नुपर्ने अवस्था रहेको स्थानीय कुमारीमाया स्याङतानले बताइन् । केन्द्र सरकारको ठुलो योजना पार्न सकेको खण्डमा पानीको समस्या समाधान हुन्छ भनेर बिगत ४/५ वर्षदेखि कुर्दा पनि काम नभएको उनले गुनासो गरिन् । पानीको सुबिधाका लागि ट्यांकी निर्माण, श्रोतको सुनिश्चितता हुँदा पनि समस्या समाधान नगरेको उनीहरुको भनाई थियो ।

कार्यक्रममा कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक बैकुण्ठ पराजुलीले भौगोलिक बिकटताका कारण माध्यमिक तहको अध्यापन गर्न जरुरी रहेको बताए । उनले वडामा एकमात्र माध्यमिक तहको अध्ययन गर्ने विद्यालय भएका कारण ग्रामीणभेगमा रहेका विद्यार्थीलाई समस्या भएको बताए । उनले बालमैत्री नगर घोषणाको क्रममा रहँदा शैक्षिक गुणस्तर र विद्यालयको पूर्वाधार निर्माणमा ध्यान दिन जरुरी रहेको बताए । सहभागीले विकासनिर्माणका कामलाई समुचित ढंगबाट लैजानु पर्ने, विद्यालयको पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने, बिकट गाउँमा रहेको सहरी स्वास्थ्यचौकीमा आवश्यक पूर्वाधारको व्यवस्था मिलाउन जरुरी भएको सुझाब दिएका थिए ।

**शिक्षा र स्वास्थ्यलाई प्राथमितामा राख्छौं: नगरप्रमुख लामा**

आगामी आर्थिक वर्षको योजना निर्माणमा जुटेको हेटौंडा उपमहानगरमा नगरप्रमुख मीनाकुमारी लामाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गर्ने बताएकी छन् । हेटौंडा उपमहानगर पालिका-१ बाट सुरु भएको योजना तर्जुमा बैठकलाई सम्बोधन गर्दै नगर प्रमुख लामाले सडक निर्माण, स्ल्याव ढलान जस्ता पूर्वाधार निर्माणको कामलाई कटौंती गर्दै शिक्षा र स्वास्थ्य केन्द्रित बजेट आगामी आर्थिक वर्षमा आउँने बताइन् ।

'अब हामी विकासलाई फरक ढंगले लैजान्छौं' नगरप्रमुख लामाले भनिन् । आगामी आर्थिक वर्षलाई शैक्षिक वर्षको रुपमा मनाउँने उपमहानगरको लक्ष्य रहेको भन्दै उनले शिक्षा र स्वास्थ्यलाई प्राथमितामा राखेर अघि बढ्ने बताइन् । विकसको काम गर्दैगर्दा नगरवासीको आर्यआर्जन र दिगो विकासलाई ध्यान दिने उनको भनाई थियो ।

उनले गाउँमा रहेको बाँझो जमिनबाट कसरी नियमित आय गर्न सकिन्छ ? भन्ने अध्ययन गरेर जनतलाई आर्थिक फाइदा हुने उपायको खोजी गरिने बताइन् । कनिका छरेझैं गरी बजेट बनाउँने होइन, दिगो ढंगबाट कामलाई अघि बढाउँदै लैजाने योजना बनाइएको उनको भनाई थियो । नगरका १९ वटै वडाका नगरवासीले उठाएका बिषयलाई प्राथमिकताका आधारमा कार्यान्वयनमा लैजाने उनको भनाई थियो ।

योजना तर्जुमामा नगरका उपप्रमुख राजेश बानियाँले जनताले दिएको म्याडेड अनुसार विकासका कामलाई अघि बढाइने बताए । नगरका सबै भागको भावनालाई समेटेर अघि बढ्ने उद्देश्यअनुसार कार्यक्रमलाई वडामा ल्याएको उनले बताए । 'शिक्षा र स्वास्थ्यलाई नगरको विकासको कडीकारुपमा लिएर अघि बढ्ने गरी काम गर्छौं' उनले भने । 'स्तरीय बाटो होइन स्तरीय शिक्षा र स्वास्थ्य भन्ने सोचमा हामी छौं, त्यही ढंगले अघि बढ्छौं' उपप्रमुख बानियाँले बताए ।

हेटौंडा १ का वडाअध्यक्ष सबिन न्यौपानेको सभाध्यक्षतामा भएको कार्यक्रममा स्थानीय राजनीतिक दलका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापकहरु, टोल विकास संस्थाका प्रतिधिनि, बालसमूहका संयोजकको सहभागिता रहेको थियो ।

# राक्सिराङका एसईई दिने २०३ जना विद्यार्थीलाई खाद्यान्न



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ राक्सिराङ गाउँपालिकामा एसईई परीक्षा दिने विद्यार्थीलाई गाउँपालिकाले खाद्यान्न उपलब्ध गराएको छ । बिहीबारबाट सुरु हुने एसईई परीक्षामा सहभागी हुन डेरा गरी बस्ने विद्यार्थीलाई राक्सिराङ गाउँपालिकाले खाद्यान्न सहयोग गरेको हो ।

प्रतिविद्यार्थी साँढे १२ किलो चामल, एक लिटर तेल, दाल र नुन गरी गाउँपालिकाले बुधबार २ सय ३ जना विद्यार्थीलाई खाद्यान्न सामग्री वितरण गरिएको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए । राक्सिराङको धिराङ, गर्लिङ, सिलिङ्गे, खैराङलगायत विकट गाउँबाट एसईई दिनको लागि गाउँपालिका केन्द्र चैनपुर र ३ नम्बर वडास्थित सरिखेत झरेका विद्यार्थीले आर्थिक अभावका कारण खाद्यान्न सामग्रीसमेत जुटाउन नसक्ने अवस्था रहेका कारण गाउँपालिकाले एसईई परीक्षा अवधिभरका लागि खाद्यान्न उपलब्ध गराएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए ।

'गाउँमा अहिले धेरै परिवारमा अनिकाल सुरु भइसकेको छ । यस्तो अवस्थामा आफ्ना छोराछोरीलाई कोठामा राखेर, खानेकुरा जुटाएर जाँच दिन पठाउनसक्ने अवस्थामा धेरै अभिभावक छैनन्, खानेकुराकै समस्याका कारण एसईई परीक्षामा सहभागी नहोलान् भन्ने चिन्ताले हामीले खानेकुरा जुटाइदिएका हौं' गाउँपालिका अध्यक्ष मल्लले भने । गाउँपालिका केन्द्र चैनपुरमा बुधबार विद्यार्थीलाई उपस्थित गराई खाद्यान्न सामग्री हस्तान्तरण गरिएको थियो ।

एसईई परीक्षा दिन उनीहरु घन्टौं हिँडेर चैनपुरस्थित प्रजा विकास मावि बुधबार आइपुगेका छन् । नजिकको विद्यालयबाट एसईई परीक्षा दिन आउने परीक्षार्थीलाई गाउँपालिकाले खाद्यान्न उपलब्ध गराएको छैन । यो सेन्टरमा २ सय ८१ जना परीक्षार्थी छन् । तीमध्ये २ सय ३ जनालाई मात्र गाउँपालिकाले खाद्यान्न उपलब्ध गराएको अध्यक्ष मल्लले बताए । राक्सिराङ गाउँपालिकाका विद्यार्थीले चालु वर्षदेखि आफ्नै गाउँपालिबाट एसईई परीक्षा दिँदैछन् । यसवर्षदेखि राक्सिराङ ५ स्थित प्रजा जागृति मावि र राक्सिराङ-३ स्थित सूर्योदय माविलाई एसईई परीक्षा केन्द्र बनाइएको छ ।

बिगतका वर्षमा राक्सिराङका विद्यार्थीको परीक्षा केन्द्र मनहरी गाउँपालिकास्थित रोटरी मावि र महेन्द्र मावि रहेको थियो । राक्सिराङका ५ वटा माध्यमिक विद्यालयबाट यसवर्ष २ सय ८१ जना विद्यार्थीले एसईई परीक्षामा भाग लिँदैछन् । परीक्षा केन्द्र नजिक घर भएकाबाहेक अन्यत्रबाट आएका विद्यार्थीलाई खाद्यान्न सहयोग गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले बताए ।

# मनोसामाजिक मनोविमर्शकर्ता तालिम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ बागमती प्रदेश सरकारको आर्थिक सहयोगमा मनोसामाजिक मनोविमर्शकर्ता ६ महिने तालिम बुधबारबाट हेटौंडामा सुरु भएको छ ।

प्रदेशको समाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा ह्युमन नेपाल संस्थाले तालिमको आयोजना गरेको हो । बुधबार हेटौंडामा एक कार्यक्रमबीच बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले तालिमको उद्घाटन गरेकी हुन् । तालिमको उद्घाटनलाई सम्बोधन गर्दै मन्त्री मोक्तानले सहभागीलाई तालिम प्राप्त गरेपछि दक्ष भई समाजमा देखिएका मनोसामाजिक समस्या समाधान गर्न अग्रसर हुनुपर्ने बताइन् ।

मन्त्री मोक्तानले आफूले प्राप्त गरेको ज्ञानलाई समुदायस्तरमा पुगेर प्रयोगमा ल्याउन आग्रह गरिन् । मन्त्री मोक्तानले आगामी वर्षमा यस्ता तालिमलाई अझै बढाउँदै लैजाने प्रतिबद्धता समेत जनाइन् । मन्त्रालयले प्रदेशका १३ ओटै जिल्लाबाट सहभागी छनोट गरी प्रमाणपत्र तह उत्तीर्ण गरेका १५ जना महिलालाई तालिममा सहभागी गराएको छ । पहिलो चरणमा सहभागीलाई १० दिनको प्रशिक्षणमा सहभागी गराई कार्यक्षेत्रमा पठाई विभिन्न चरणमा ६ महिनासम्म तालिम प्रदानगरेपछि सहभागीलाई प्रमाणपत्र वितरण गरिने मन्त्रालयका उच्चशिक्षा तथा विज्ञानप्रविधि महाशाखा प्रमुख गोपाल कँडेलले जानकारी दिए ।

कँडेलका अनुसार मन्त्रालयले यस आर्थिक वर्षमा यस कार्यक्रमका लागि मन्त्रालयले २० लाख रुपैयाँ बजेट छुट्याएको छ । तालिममा वरिष्ठ मनोविद विनोद पौडेल र मनोविज्ञ चिकित्सक सफल सापकोटाले प्रशिक्षण दिने ह्युमन नेपालका अध्यक्ष उमेश शिवाकोटीले जानकारी दिए । समाजमा देखिएका मनोसामाजिक समस्या समाधान गर्न मनोसामाजिक परामर्शदाता उत्पादनका लागि तालिमको आयोजना गरिएको मन्त्रालयले जनाएको छ ।

# मेची-महाकाली दौडाहाटोलीलाई हेटौंडामा स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/मेची-महाकाली सचेतना दौड अभियानको टोलीलाई हेटौंडामा स्वागत गरिएको छ । बुधवार जेसीजसँगको समन्वयमा स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने नारासहित सुरु भएको सचेतना दौडमा सहभागी टोलीलाई नगर खेलकुद विकास समिति हेटौंडाले स्वागत गरेको हो ।

दौड अभियानको टोली आठौं दिनमा हेटौंडा आइपुगेको हो । बुद्धशान्ति गाउँपालिका झापाका मुख्य धावक जीवनाथ अधिकारीको नेतृत्वमा विकल भट्टराई, अनुप पौड्याल र रमेश अधिकारीको टोली मेची-महाकाली सचेतना दौडमा सहभागी भएका हुन् ।

नगर खेलकुद विकास समितिका अध्यक्ष रविन्द्र घिमिरेको अध्यक्षतामा भएको स्वागत कार्यक्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका प्रमुख माधव कोइराला, एथ्लेटिक्स संघका अध्यक्ष प्रभाकर पाण्डे, नगर खेलकुदका सदस्य विजय गौतमलगायतले टोलीलाई स्वागत गरेका हुन् ।

मेची-महाकाली सचेतनाका लागि बुधबारे जेसीजसँगको समन्वयमा दौड सुरु गरिएको मुख्य धावक अधिकारीले जानकारी दिए । हरेकदिन ५० किलोमिटर दौडने कार्यतालिका रहेको जानकारी दिँदै उनले २२ औं दिनमा समापन गर्ने लक्ष्य रहेको बताए । महाकाली पुगेर अभियानको समापन गरिने अधिकारीले बताए । नगर खेलकुद विकास समितिका अध्यक्ष घिमिरेले सफलताको शुभकामना व्यक्त गरे ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७८८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पूँजीगत खर्चमा कमजोरी सरकार

बागमती प्रदेश सरकार राजश्व आम्दानी र बजेट खर्च दुवैका कमजोर देखिएको छ । प्रदेश सरकार गठन भएयता अर्थात २०७४ देखि नै प्रदेश सरकारको बजेट खर्च निराशाजनक छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको ८ महिनामा विकास बजेट २६.५१ प्रतिशत खर्च गरेको छ । प्रदेश सरकारले सार्वजनिक गरेको ६२ अर्व ७० करोड ९० लाख रुपैयाँको कुल बजेटमध्ये अहिलेसम्म १६ अर्व ६२ करोड ५० लाख रुपैयाँमात्रै खर्च गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयनको क्रममा छ । एकातिर संघीयता बोझको रुपमा लिन थालिएको छ भने तीनै तहका सरकारको काम गर्ने रबैया भिदनप्रतिदिन परिबर्तन भइरहेको छ । पूँजीगत खर्च न्यून हुने र चालुखर्च बढ्दै जाने असन्तुलनले अर्थतन्त्रको गुणात्मक वृद्धिमा सहयोग गर्दैन । चालुखर्च नियन्त्रणमा आवश्यक पहलकदमी नलिने र पूँजीगत खर्च गर्न नसक्ने प्रवृत्ति अर्थतन्त्रमा गंभीर चुनौती बन्दै गएको छ । हरेक आर्थिक वर्षमा पूँजीगत खर्चको तुलनामा चालु खर्च बढ्दै गएको छ । मूलत: विकास निर्माणका लागि खर्च हुने पूँजीगत बजेटको यो हविगत हाम्रो सरकारी खर्च प्रणाली र अर्थतन्त्रका लागि नौलो होइन ।

सरकारले पूँजीगतभन्दा बढी चालु खर्च गरेको छ । विगतमा पूँजीगत खर्च हुन नसक्नुको दोष राजनीतिक अस्थिरता र संक्रमणलाई दिइन्थ्यो । अस्थिरता र संक्रमण सिर्जित बाह्‌य अवरोधको घेरा यति ठूलो बनेको थियो, जसमा विकास निर्माणले प्राथमिकता पाएन । राजनीतिक स्वार्थको छायाँ, बजेट प्रस्तुतिदेखि अनुमोदनसम्ममा पर्थ्यो । अहिले पनि राजनीतिक स्थिरता छैन भन्दा फरक पर्दैन । संघीय संरचनाका तीनै तहमा जननिर्वाचित सरकार मौजुदा छ तर, निकम्मा देखिएको छ । हिजो सिंहदरबारबाट मात्र हुने पूँजीगत खर्च बरु यति धेरै नकारात्मक थिएन । पूँजीगत खर्च गर्ने संघीयसँगै सातवटा प्रादेशिक र ७५३ वटा स्थानीय सरकार छन् । तर, पूँजीगत खर्चको अवस्था दयनीय बन्दै गएको छ । बागमती प्रदेश लेखानियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारले चालुतर्फ २६ अर्ब ४३ करोड १६ लाख रुपैयाँ, पुँजीगततर्फ ३५ अर्ब ७७ करोड ७३ लाख रुपैयाँ र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरेको थियो । जसमध्ये प्रदेश सरकार मातहतका निकायमार्फत् फागुन मसान्तसम्म चालुतर्फ ८ अर्ब ७४ करोड ७६ लाख रुपैयाँ (३३.१० प्रतिशत), पुँजीगततर्फ ७ अर्ब ८७ करोड ७४ लाख रुपैयाँ (२२.०२ प्रतिशत) खर्च भएको छ । वित्तीय व्यवस्थापनतर्फ विनियोजन गरिएको रकम खर्च हुन सकेको छैन । प्रदेश सरकारको बजेटको सबैभन्दा ठुलो हिस्सा ओगटेको भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेट खर्च न्यून देखिएको छ । चालु आर्थिक वर्षको ८ महिनाको अवधिमा भौतिक मन्त्रालयले चालुतर्फको कुल बजेटको ४१ प्रतिशत र पुँजीगततर्फ २४.४८ प्रतिशत खर्च गरेको छ । हरेक आर्थिक वर्षमा सरकारले आम्दानी र खर्चको अनुमानित आयव्यय सार्वजनिक गर्ने गर्दछ । तर, आम्दानी गर्ने लक्ष्य लिइएकोमा अपेक्षित उपलब्धी सरकारले लिन सकेको छैन ।

राजस्व संकलनको अवस्था कमजोर छ । चालु आर्थिक वर्ष (२०८०/८१) को ८ महिना अवधिमा प्रदेश सरकारले राजस्व संकलन लक्ष्यको ३८ प्रतिशत मात्र गरेको छ । प्रदेश लेखानियन्त्रक कार्यालय, हेटौंडाका अनुसार चालु आर्थिक वर्षको यो अवधिमा सरकारले अनुमानको ३८.१० प्रतिशत राजस्व संकलन गरेको हो । यो दर अनुमानित लक्ष्यको ६१.९० प्रतिशत कम हो । प्रदेश सरकारले आर्थिक वर्ष ०८०/८१ मा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ राजस्व संकलनको अनुमान गरेको थियो । चालु आर्थिक वर्षको ८ महिनामा सरकारले २३ अर्व ८९ करोड ३३ लाख ७५ हजार ७२० रुपैयाँ राजस्व संकलन गरेको छ । प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलन हुने राजस्वअन्तर्गत कृषि, सरकारी सम्पत्तिको बहाल, पर्यटन शुल्क, यातायात, व्यवसाय रजिस्ट्रेसन, आमसञ्चार सञ्चालन तथा नवीकरण जस्ता क्षेत्रबाट उठ्ने राजस्व फागुन मसान्तसम्ममा ६३.२१ प्रतिशत संकलन गरेको कार्यालयले जनाएको छ । प्रदेश सरकारले आफ्नो स्रोतबाट चालु आर्थिक वर्षमा तीन अर्ब ७५ करोड ५२ लाख राजस्व संकलनको लक्ष्य लिएकोमा २ अर्व ३७ करोड ३५ लाख संकलन गरेको छ । संघीय र स्थानीय तहबाट बाँडफाँट हुने मूल्य अभिवृद्धि कर, आयकर, प्राकृतिक स्रोत उत्खनन् दस्तुर, मालपोत लगायतका राजस्वमार्फत अनुमानको ४७.३२ प्रतिशत संकलन भएको छ ।

# सुशासनको रटान र वास्तविकता



✍ सागर पण्डित

हाम्रा शासक-प्रशासकहरु बोलीचालीमा, भाषणमा, विभिन्न औपचारिक छलफलमा बोल्दा सुशासनका चर्का कुरा गर्छन् । सुशासनका ठूला-ठूला सैद्धान्तिक कुराहरु गरी आफूलाई अत्यधिक सुशासनप्रेमी भएको सन्देशसमेत दिन्छन् तर व्यवहारमा त्यसको ठीक उल्टो गरिरहेका हुन्छन् । शासक-प्रशासकहरुको बारेमा गहन अध्ययन विश्लेषण गर्ने हो भने अधिकांश शासक-प्रशासकहरु द्वैधचरित्रको रहेको पाइन्छ । बोल्दा एउटा बोल्ने तर व्यवहारमा ठीक उल्टो गर्ने प्रवृत्ति उनीहरुमा व्यापक देखिन्छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार सिंहदरबारमा सचिवहरुलाई निर्देशन दिँदै आफूले गलत काम नगर्ने र सचिवहरुले पनि गलत काम गर्न नहुनेमा जोड दिनुभयो । प्रधानमन्त्रीको यो अभिव्यक्तिले हालसम्म राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवैले सुशासनयुक्त काम गर्न नसकेकाले अब दुईवटै पक्ष सच्चिएर अघि बढ्नुपर्ने सन्देश दिएको छ । यद्यपि प्रधानमन्त्रीका यस्ता भनाइहरु विगतमा पनि बेलाबेलामा अभिव्यक्त हुने गरेका थिए । त्यसैले प्रधानमन्त्रीको भाषणबाटै सुशासन स्थापित हुन सक्ला भन्ने आशा गर्न सक्ने अवस्था छैन । यसको लागि त प्रधानमन्त्रीलगायत सरकारमा रहेका उनको टिमका मन्त्री तथा प्रशासनिक नेतृत्वमा रहेका सचिवहरु आमूलरुपमा सच्चिनुपर्छ ।

सुशासन स्थापना गर्न प्रधानमन्त्रीमा साँच्चै नै प्रतिबद्धता देखिएको हो भने सबैभन्दा पहिला केन्द्रीय प्रशासनिक निकायको रुपमा रहेको सिंहदरबारबाटै फोहोर फाल्न शुरु गर्नुपर्छ । केही शासक-प्रशासकहरुले सिंहदरबारलाई डम्पिङ साइटको रुपमा विकास गरिरहेको पाइन्छ । संघीय शासन प्रणाली लागू भएसँगै सिंहदरबारको अधिकार गाउँलाई दिइनु सकारात्मक भए पनि सिंहदबारमा व्याप्त भ्रष्टाचार फेरि स्थानीय सरकारको नाममा गाउँगाउँमा पुग्नु भने दुःखद छ ।

शासकीय संरचना आमूलरुपमा परिवर्तन गर्न सफल भएको हाम्रो राजनीतिक नेतृत्वले आफ्नो आचरणमा भने आमूल परिवर्तन ल्याउन सकेन । जसका कारण संघीय शासन प्रणालीले आत्मसात् गरेका मूल्य-मान्यताहरुले मूर्तरुप पाउन सकेको छैन । संघीय शासन प्रणाली लागू भएको आठ वर्ष बितिसक्दासमेत जनताले यो शासन प्रणालीको लाभ प्राप्त गर्न सकेका छैनन् । विगतमा जस्तै भ्रष्टाचार, कमिसनतन्त्र उस्तै रुपमा फैलिरहेको छ । राज्यका प्रत्येकजसो निकायहरु भ्रष्टाचारले थला परेका छन् । हरेकजसो सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिएको बताउने गर्छन् तर त्यसलाई व्यवहारमा उतार्न भने पूर्णरुपमा असफल हुँदै आएका छन् ।

हाम्रो मुलुक विकासका दृष्टिले धेरै पछि परेको छ । यस्तै जनतालाई दिइने सेवा-सुविधा पनि प्रभावकारी छैन । सरकारी सेवा लिन जाँदा धेरै जनता सास्ती बहोर्न बाध्य छन् । सोर्सफोर्सधारी र पैसा खर्च गर्न सक्नेहरुको काम फटाफट हुने गर्छ तर सामान्य नागरिकलाई सरकारबाट दिइने जुनसुकै सेवा पनि समयमा नै पाउनका लागि फलामको च्यूरा चपाएजस्तै कठिन हुन्छ । सरकारी निकायको गलत कार्यशैलीले आमजनता वाक्कदिक्क छन् ।

सरकारप्रति जनआक्रोश पनि मत्थर हुन सकेको छैन । शायद यस्तै अवस्थालाई विश्लेण गरेर होला प्रधानमन्त्री प्रचण्डले सोमबार सचिवहरुको बैठकमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै पक्ष नियत सफा राखेर अघि बढ्नुपर्ने आवश्यतामा जोड दिनुभएको थियो । प्रधानमन्त्रीले यदि सच्चिनकै लागि त्यसो भन्नुभएको हो र उहाँ सच्चिँदै अगाडि बढ्नुभयो भने मुलुकमा सुशासन कायम हुन खासै कठिन हुँदैन । तर उहाँले मात्रै सार्वजनिक खपतको लागि त्यस्तो अभिव्यक्ति दिनुभएको र व्यवहारमा सुधार देखिएन भने त्यो मात्रै जनताको अगाडि झुट बोलेको ठहरिनेछ ।

हामीकहाँ सबैभन्दा बढी भ्रष्टाचार राजनीतिक नेतृत्वमार्फत नै हुने गरेको छ । अझै त्यसमा पनि नीतिगत भ्रष्टाचारको पारो अत्यधिक छ । नीतिगत भ्रष्टाचार गर्दा राजनीतिक र प्रशासनिक नेतृत्वको मिलेमतो र सेटिङमा हुने गरेकाले त्यस्ता भ्रष्टाचारहरु लामो समयसम्म गोप्य रहने गरेका छन् । ललितानिवास जग्गा प्रकरण लामो समयपछि सार्वजनिक हुँदा सो काण्डमा धेरै राजनीतिक र प्रशासनिक नेतृत्व तानिएको उदाहरण ताजै छ । त्यस्ता ललितानिवास जस्ता कैयौं काण्डहरु अहिले पनि गुपचुप अवस्थामा नै छन् । त्यस्ता सबै खाले काण्डहरुको अब खोजी गरिनुपर्छ र पर्दाफास गरिनुपर्छ ।

प्रधानमन्त्री प्रचण्डले अब राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै पक्ष सच्चिनुपर्ने बताउँदै गर्दा उहाँले यो पक्षलाई व्यवहारमा उतार्न जरुरी छ । सबैभन्दा पहिला प्रधानमन्त्री आफू सच्चिएको अनुभूति सबै पक्षलाई दिलाउन सकेको खण्डमा अन्य धेरै पक्ष बिस्तारै सच्चिन बाध्य हुन्छन् । प्रधानमन्त्रीले पनि विगतका आर्थिक अनियमितताका विभिन्न काण्डहरुको खोजतलास गरी दोषी पत्ता लगाएर कानुनी दायरामा ल्याउनुपर्छ । यसमा गृह मन्त्रालयको पनि विशेष भूमिका रहन्छ । तत्कालीन गृह मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वको सहसिक कदमका कारण ललितानिवास प्रकरण बाहिरिएको थियो र दोषीहरुलाई कारबाही हुन सकेको हो । त्यसैले अहिले पनि गृह मन्त्रालय नेतृत्वले विगतमा भएका त्यस्ता भ्रष्टाचार काण्डहरुको खोजी गरी दोषीलाई कानुनी कारबाहीमा ल्याउन चुक्नुहुँदैन ।

सुशासन र सुधारका लागि केही जोखिम पनि मोल्नुपर्ने हुन सक्छ । तर हाम्रो राजनीतिक र प्रशासनिक नेतृत्व जोखिम मोल्न नसक्ने खालको देखिन्छ । आफ्नै स्वार्थमा रुमल्लिने र यथास्थितिवादमा रमाउने उनीहरुको प्रवृत्ति छ । यसले गर्दा पनि कुशासन मौलाउँदै आइरहेको छ भने विकास र समृद्धिको मार्ग अवरुद्ध बनेको हो । हामीकहाँ कैयौं मन्त्री, सचिव र उच्चपदस्थहरु मात्र जागिरेको रुपमा रहेको देखिन्छ । रोलमोडल मन्त्री, रोलमोडल सचिवको रुपमा काम गरेकाहरु औंलामा गन्न सक्ने अवस्थामा छन् । रोलमोडल प्रधानमन्त्री त हामीले कहिल्यै पनि पाउनै सकेनौं । त्यसले गर्दा पनि मुलुकले आशातीत विकास र समृद्धि हासिल गर्न सकेन ।

प्रधानमन्त्री र सिंगो सरकारको योजना एवं कार्यक्रमलाई कार्यान्वयन गराउन मुख्य भूमिका खेल्ने सम्बन्धित र विभागीय मन्त्री हुन् । यदि ती मन्त्रीले राम्ररी र परिणाम दिने गरी काम गरेनन् भने प्रधानमन्त्रीले जतिसुकै योजना र कार्यक्रम ल्याए पनि ती कार्यक्रम जनतासमक्ष पुग्न सक्दैनन् । पहिलेका सरकारका मन्त्री र अहिलेका मन्त्रीहरुको काम गराइ र व्यवहारमा खासै फरकपन छैन ।

अब प्रधानमन्त्रीले परिणाम निकाल्न नसक्ने, काममा खट्न नसक्ने, कमिसनको चक्करमा फस्ने र मन्त्रालयको मुख्य बिजनेसलाई ध्यान नदिने मन्त्रीहरुलाई हटाएर काम गर्न सक्ने, परिणाम दिन सक्ने र अहोरात्र खटिन सक्ने व्यक्तिलाई मन्त्रीको रुपमा ल्याउन सक्नुपर्छ । त्यसैले प्रधानमन्त्रीले आफ्नै मन्त्रीहरुको बारेमा गहन अध्ययन विश्लेषण गर्नुपर्छ । खराब प्रवृत्तिका मन्त्रीलाई हटाएर असल मन्त्री ल्याउन सक्नुपर्छ । सार्वजनिक निकाय तथा सरकारी संस्थानहरुमा राजनीतिक नियुक्ति गर्दा पनि पारदर्शी र प्रतिस्पर्धी बनाउनुपर्छ । निश्चित मापदण्ड बनाएर सक्षम, योग्य र काविल व्यक्तिलाई नियुक्ति गर्न सक्नुपर्छ ।

अहिले हाम्रो न्याय प्रणाली पनि चुस्त छैन । जनताले आफ्नो गाउँठाउँको विकास भएको अनुभूति गर्न सकेका छैनन् । महँगी नियन्त्रण हुन सकेको छैन । कालोबजारी रोकिएको छैन । सरकारी कार्यालयमा जाँदा फटाफट काम हुन सक्ने अवस्था अहिले पनि छैन । त्यसैले जनताले वास्तविकरुपमा सरकार भएको पूर्ण अनुभूति गर्न सकेका छैनन् ।

आमजनताले सरकारी कार्यालयमा जाँदा फटाफट काम भएको अनुभूत गर्न सक्ने वातावरणको खोजी गरिरहेका छन् । जनताको सो भावनालाई आत्मसात् गर्ने गरी सरकारको स्पीड द्रुत गतिमा कुदाउन सक्ने गरी प्रचण्डले आफ्नो टिमलाई जोशिलो र इमानदार बनाउन सक्नुपर्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सर्तकता केन्द्रजस्ता अनियमितता हुन नदिने निकायलाई साधन-स्रोत सम्पन्न र स्वतन्त्र बनाउन सक्नुपर्छ ।

बढ्दो भ्रष्टाचार र कुशासनका कारण सरकारले अघि सारेको नीति तथा कार्यक्रम बमोजिम ब्यूरोक्रेसीले प्रतिबद्धताका साथ जनतासमक्ष सेवाप्रवाह गर्न सकेको छैन । राजनीतिक नेतृत्व स्वयं पनि सेवाप्रवाहभन्दा कमाउ धन्दामा नै बढी लिप्त भइरहेको पाइन्छ । व्यूरोक्रेसीको काम नै प्रणालीअनुसार सेवाप्रवाह प्रभावकारीरुपमा दिने नै हो । तर अहिले जतासुकै सरकारका विषयहरु सुनिएका मात्रै छन् ।

सरकारलाई जनताले सुने पनि सरकार के हो भनेर उनीहरुले वास्तविक अनुभूत गर्ने गरी देख्न सकेका छैनन् । जनतालाई सरकारको अनुभूत गराउने मुख्य भूमिका प्रशासनको हो । सरकारको काम याक्सनमा लैजाने भनेकै कर्मचारी प्रशासनले हो । सेवाप्रवाह दिलाउने काम निजामती प्रशासन र अन्य सरकारी सेवाको हो । जनतालाई प्रदान गर्ने सेवाहरु, विकास प्रवाहको विषय, सुशासनको विषय, जवाफदेहिता, पारदर्शिता, यी सबै विषयले उच्च प्राथमिकता पाउनुपर्छ । त्यसरी प्राथमिकता दिन सकेमा प्रशासनको सरकारप्रतिको बफादारिता स्वत: बढेर जान्छ । सरकारप्रति म बफादार छु भन्ने कुरा प्रशासकको कामले देखाउन सक्नुपर्छ । भ्रष्टाचार निर्मूल पार्ने अभियान निकै कठिन अभियान हो । जादुको छडीसरह यसलाई एकैपटक अन्त्य गर्न पनि सकिँदैन । किनकि हामीकहाँ सबै क्षेत्र र समूह कुनै न कुनै रुपमा भ्रष्टाचारको मीठो रसास्वादनमा डुबुल्की मार्न पुगिसकेका छन् । त्यसरी डुबुल्की मार्न पल्केकाहरुलाई सदाचार र नैतिकतामा ल्याउनुपर्ने बाध्यता प्रधानमन्त्री प्रचण्ड र उनको सरकार लाई छ ।

त्यसैले सुशासन कायम गर्ने अभियानको नेतृत्व प्रधानमन्त्री, मन्त्री र सचिवहरुले सामूहिकरुपमा लिनुपर्छ । बाहिर बोल्ने एउटा र भित्र अर्को गर्ने प्रवृत्ति पूर्णरुपमा रोकिनुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्नका लागि मुलुकमा मौलाएको दण्डहीनताको संस्कृति अन्त्य हुनुपर्छ भने कानुनीराज पूर्णरुपमा स्थापित हुनुपर्छ । भ्रष्टाचार न्यूनीकरण हुन सक्यो भने मात्रै मुलुकको विकास र प्रगतिले छिट्टै गति लिन सक्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# ‘सहसचिव सपना’ हैन उद्यमशील सोच जरूरी

✍ मनिकर कार्की

विश्वले सञ्चार र सूचनाप्रविधिको विकासमा मारेको छलाङसँगै बृहत् सामाजिक अन्तरक्रियाको माध्यम पनि बदलिएको छ । आजकल सामाजिक सञ्जाल भनिने फेसबुक, एक्स (ट्वीटर), इन्स्टाग्राम एवम् टिकटक जस्ता अवास्तविक विद्युतीय सञ्जालहरू (डिजिटल भर्चुअल नेटवर्क) अभिव्यक्तिका माध्यम बन्ने गरेका छन् । पछिल्लो समय यिनै माध्यमहरू कुनै पनि विषयमा बहस र अन्तरक्रिया गर्ने माध्यम बन्न पुगेका छन् ।

यिनै माध्यमहरू मार्फत विभिन्न विषय चर्चाको शिखरमा पुग्छन् र सेलाउँछन् पनि । छोटो समयमै धेरै प्रयोगकर्ताका बीच पुग्ने त्यस्ता केही श्रव्यदृश्य सामग्री वा अभिव्यक्तिहरू एकाएक ‘भाइरल’ बनिदिन्छन् र त्यसैलाई स्वीकार्य पनि ठानिन्छ । अनि सामाजिक सञ्जालहरूमा एकाएक भाइरल बनेका त्यस्ता केही पोस्टहरूलाई टिपेर समाचार बनाउन मूलधारका मिडियाहरू पनि तँछाडमछाड गरिरहन्छन् ।

केही दिनअघि यस्तै एउटा पोस्ट भाइरल बन्यो र त्यसले मूलधारका मिडियामा गतिलो स्पेस समेत पायो । मूलधारका मिडिया हुँदै पुन: सामाजिक सञ्जालमा चर्चाको विषय बनेको उक्त पोस्ट विद्यालय जीवनको अन्तिम दिन आफ्ना साथीसँगीहरूसँग छुट्टनिे क्रममा विद्यार्थीको पोशाकमा लेखिएको लोकसेवा पास गरी सरकारी सेवामा जाने तालिकाबद्ध ‘खरिदारदेखि सहसचिव’ सम्मको सपना थियो ।

त्यही पोशाकमा अंकित ‘सहसचिव’ सपनालाई टिपेर सामाजिक सञ्जाल भने उखर माउलो तरिकाले यस्तो पो सपना त, भन्दै तात्यो । समाजका पढालेखा जमात हुँदै बुद्धिजीवी, पत्रकार, शिक्षक, प्राध्यापक सबै एकाएक सहसचिव सपनाको तारिफमा उत्रिए । अनि त्यसैलाई आधार बनाएर ‘विदेश जाने हैन, मुलुकमै बसेर सहसचिव हुने सपना’ स्वीकृत भयो । बस् सामाजिक सञ्जालमा डंढेलो झैं भाइरल बनेको त्यही तस्बिरलाई टिपेर सञ्चारमाध्यमले समाचार छापियो, ‘विदेश हैन, सहसचिव सपना !’

बेलाबखत यस्तो पोस्टहरू चर्चामा आइनै रहन्छन् । विगतमा पनि यस्तै प्रकृतिको ‘अब खाडीमा भेटौंला’ भनी लेखिएको तस्बिर उसैगरी चर्चामा रहँदा मूलधारका मिडियाहरूले ‘वैदेशिक रोजगारीको निर्विकल्प यथार्थ’को रूपमा व्याख्या गरिदिएका थिए । यसपटक त्यस्तै विद्यार्थीले बिदाइका बखत उद्धृत गरेको ‘सहसचिव’ सपनालाई गौरवीकृत गर्दै ‘खाडीमा भेटौंला’को वैकल्पिक भाष्यको रूपमा स्थापित गर्ने चेष्टा गरेको देखियो । सामाजिक सञ्जालहरूमा पनि त्यही प्रकृतिको अभिव्यक्तिलाई बढावा दिँदै मुलुकमै बसेर ‘सहसचिव’ हुन छाडेर विदेश किन जानु ? भन्ने जस्तो भाष्य स्थापित गर्न खोजेको देखियो । बेलाबखत चर्चामा आउने यी र यस्ता केही घटनाहरूले अहिलेको मुलुकको वर्तमान अवस्था र युवा विद्यार्थीको मनोभावलाई प्रदर्शित गरेको यथार्थ ज्ञातव्य नै छ । यी र यस्ता अभिव्यक्ति व्यक्तिको निजी रुचि, चाहना र सपनासँग सम्बन्धित अभिव्यक्तिहरू हुन् । व्यक्तिगत तहमा यस्ता अभिव्यक्तिले ‘आशा र निराशा’को अवस्थालाई पनि अभिव्यक्त गरेकै हुन्छ । तथापि यी एकाध चर्चामा आएका दृश्यहरूलाई आधार बनाएर कुनै कुराको पक्ष वा विपक्षमा ‘भाष्य’ स्थापित गर्न खोज्ने काम भने हेराफेरीजन्य घटना ‘म्यानुपुलेटिभ मूभ’ बन्न पुग्छ ।

अब यी दुई विपरीत अर्थबोध हुने विद्यार्थी सपनाहरू ‘खाडीमा भेट्ने र सहसचिव बन्ने’ मार्फत स्थापित गर्न खोजिएको भाष्य नियालौं । ‘अब खाडीमा भेटौंला’ वाला सपनाले विद्यार्थीको भोलिको गन्तव्य वैदेशिक रोजगारी भएको प्रष्ट पार्‍यो । यसबाट हाम्रो शिक्षा प्रणाली र यसले उत्पादन गर्ने जनशक्तिको अवस्थामाथि नै गम्भीर प्रश्न उठेको तर्क गरियो ।

यति मात्र होइन, सर्वेक्षण नै गर्ने हो भने पनि १२ कक्षा उत्तीर्ण गरेका ५० प्रतिशत भन्दा बढी विद्यार्थी आफू उच्च शिक्षाका लागि (यदि परिवार सहमत भएर खर्च व्यवस्थापन भएको खण्डमा) विदेश नै जान इच्छुक देखिन्छन् । अनि अध्ययनका लागि आर्थिक स्रोत जुटाउन नसक्नेहरूका लागि वैदेशिक रोजगारी नै भविष्य अजमाउने सपना बन्न पुगेको देखिन्छ ।

यसबाट प्रत्येक वर्ष उत्पादन हुने जनशक्ति, विद्यालय तथा विश्वविद्यालयबाट शिक्षित हुने विद्यार्थी र आन्तरिक बजारमा खपत हुने जनशक्तिको व्यवस्थापन कति बेपरवाह र अनिश्चित छ भन्ने कुरालाई छर्लंग पारेको छ । यो सबै परिस्थितिको सिर्जना अस्थिर, स्वार्थपूर्ण र अदूरदर्शी राजनीति र निकम्मा सरकारका कारण भएको हो भन्ने कुरा आम सहमति जस्तै बन्न पुगेको छ ।

राज्यले युवालक्षित गतिलो नीति र कार्यक्रम ल्याउन नसक्दा, उत्पादन र रोजगारीका क्षेत्रमा लगानी अभिवृद्धि गर्न नसक्दा, राजनीति र प्रशासनिक वृत्त भ्रष्टाचारमा चुर्लुम्म डुब्दा, सुशासन र पारदर्शिताको प्रत्याभूति हुन नसक्दा, मुलुकमा पर्याप्त आर्थिक अवसर सिर्जना हुन नसक्दा र आम नागरिकले सम्मानित जीवन बाँच्न पाउने वातावरण सुनिश्चित हुन नसक्दा युवा पलायनता बढ्दै गएको तयारी निष्कर्ष पनि सहजै निस्किने गरेको छ ।

संभवत: त्यस्तै निराशावादी परिवेशमा पछिल्लो ‘सहसचिव’ सपनाले केही आशा दिएको र मुलुकमै पनि भविष्य छ भन्ने सन्देश दिएको व्याख्या गरिएको हुनसक्छ । यसैका आधारमा सार्वजनिक वृत्तमा ‘खाडी सपना भन्दा सहसचिव सपना उत्तम’ हो भन्नेसम्मको अभिव्यक्ति पनि देखियो । त्यही अभिव्यक्तिलाई सकारात्मक सन्देशको निम्छरो त्यान्द्रो ठानेर सञ्चार माध्यमहरूले पनि प्राथमिकताका साथ छापिदिए ।

तर, खाडी सपना होस् या सहसचिव सपना, यी दुवै सपना निजी हुन् । यी दुवै सपनाहरूलाई दुत्कार्ने र गौरवीकृत गर्नुपर्ने कुनै दरकार देखिँदैन । निश्चय पनि एक विद्यार्थीको मनमस्तिष्कमा अहिलेको जल्दोबल्दो अवस्थाको प्रतिबिम्ब आउनु स्वाभाविक हो । तर त्यही मुद्दालाई टपक्कै टिपेर निराशा वा कथित आशाको खेतीले भने सान्दर्भिकता पाउन सक्दैन ।

कुनै विद्यार्थीले सहसचिव हुने सपना देख्यो भन्दैमा त्यसलाई गौरवीकृत गर्दै मुलुकमा विद्यार्थीले भविष्य देखे भनेर मख्ख पर्नुपर्ने कुनै कारण छैन । किनकि पढेर लोकसेवा पास गरी सरकारी जागिर खाने सामान्य सोच हो । अझ चलनचल्तीको भाषामा कथित सुरक्षित सोच हो । तथापि यो कुनै पृथक् र आम मानिसलाई प्रभावित गर्ने सोच भने होइन । झन् उदाहरणीय त हुँदै होइन । किनकि सीमित संख्यामा निश्चित भर्ना प्रक्रिया मार्फत प्राप्त हुने सरकारी जागिरले कसरी आम विद्यार्थीलाई आकर्षित गर्न सक्छ ?

फेरि एकाध व्यक्तिहरूले सरकारी जागिर खाएकै कारण समाजमा कुनै रूपान्तरण हुने त पक्कै होइन । अहिले पनि सरकारी सेवामा एकाध सय पदपूर्तिका लागि हजारौं आवेदन दिने विद्यार्थी पनि त यहीं छन् । बरु, त्यही सरकारी जागिरलाई नै सुरक्षित भविष्य ठान्ने संस्कारकै कारण मुलुकले उन्नति गर्न नसकेको हो । किनकि घरपरिवार र समाजका लागि सरकारी सेवामा प्रवेश गर्ने भनेकै भविष्य सुरक्षित गर्नु हो । भविष्य सुरक्षित हुने भनेको काम गर्नु नपर्ने, कुनै संघर्ष गर्नु नपर्ने, परिश्रम गर्नु नपर्ने, अध्ययन गर्नु नपर्ने, कुनै चिन्तन-मनन गर्नु नपर्ने अवस्थाको सुनिश्चितता हो ।

मुलुक जस्तोसुकै अवस्थामा पुगोस्, आर्थिक मन्दी, संकट र महासंकट जस्तोसुकै अवस्था आइपरोस् तर, आफ्नो तलबभत्ता र सुविधा यथावत् रहने सुनिश्चितता हो । त्यही सरकारी जागिरेले शासन-प्रशासनको डन्डा चलाउँछ । उसले त्यही डन्डा मार्फत निजी तथा सामुदायिक क्षेत्रमा सेवा हैन, किन्तु शासन गर्ने चेष्टा गर्छ । त्यही शासनको डन्डा बजाएर उसले समाजमा आफ्नो हैसियत स्थापित भएको अनुभूति गर्छ । राज्यबाट प्राप्त हुने सेवा-सुविधा र अधिकारको बलमा आफू समाजभन्दा माथि र आम नागरिक भन्दा शक्तिशाली भएको गर्वानुभूति गर्न पुग्छ ।

यसर्थ, त्यही र त्यस्तै सरकारी जागिर खाने कुनै युवा विद्यार्थीको कथित सपनालाई ग्लोरिफाई गर्नुपर्ने आवश्यकता किन पर्छ ? आखिर यो समाज नै शक्ति पूजक हो । अरूमाथि शासन गर्ने कुरा सबैलाई प्रिय नै लाग्छ । नत्र समाजले नै यसरी सरकारी जागिरलाई नै सम्पूर्ण भविष्य देख्ने थिएन । जागिरलाई अब्बल देख्नु त अन्य सिर्जनशीलतालाई दुत्कार्नु हो ।

संसारमै जागिरलाई हैन, उत्पादन, इलम-उद्यम र अन्वेषणलाई उत्तम ठानिन्छ । हाम्रै समाजमा उतिबेलाका बुढापाकाहरू भन्थे त- ‘उत्तम खेती, दोयम व्यापार र निकृष्ट नोकरी !’ वास्तवमा इलम-उद्यम, अन्वेषण र नवप्रवर्तनकै कारण संसारका देशहरूले प्रगति र उन्नति गरेका हुन् । विकास र समृद्धिको छलाङ मारेका हुन् । खै हामीले त्यस्तो इलम-उद्यमलाई प्रवर्द्धन गरेको ? खै त्यस्तो सोच र नवप्रवर्तनमा झुकाव राख्दै केही गर्न उत्प्रेरित युवालाई सम्मान र प्रोत्साहन गरेको ?

अहिले हामी ऐतिहासिक द्विविधाको अवस्थामा छौं । हामीलाई धनी र सम्पन्न मुलुकहरूको चकाचौंध विकासले तानेको छ । तर, त्यसका लागि उत्पादनमुखी चिन्तन र अभ्यास सुरु गर्न सकेका छैनौं । निकै ढिला खासगरी सन् १९४० को दशकबाट मात्रै सुरु भएको औद्योगिक उत्पादनले प्रशस्त बजार लिनै सकेन । राज्यले पनि प्राथमिकता निर्धारण गरेर उद्योगधन्दा फस्टाउने नीति अवलम्बन गर्नै सकेन । इतिहासमा जे-जति प्रयत्नहरू भए, ती फगत व्यापारकेन्द्रित अर्थतन्त्रमै सीमित भए ।

समाजले इलम-उद्यम चिन्न नसक्दा, नोकरीलाई नै सुरक्षित भविष्यको आधार ठान्यो । हामीलाई अहिले चाहिएको विकास र समृद्धिका लागि ‘धनको सिर्जना (क्रिएसन अफ वेल्थ)’ अति जरूरी छ । तर, समाजमा यसको सही भाष्य स्थापित हुन सकेन ।

क्रमश: पृष्ठ-३....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
| --- | --- | --- | --- |
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत १६ गते शुक्रबार २९ मार्च २०२४ । चतुर्थी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:००, सूर्यास्त ६:१९ ।

## आजको राशिफल

| | | | |
| --- | --- | --- | --- |
| मेष | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | तुला | : अधुरो काम बन्ने सम्भावना छ |
| वृष | : शुभ समाचार मिल्नेछ | वृश्चिक | : मित्रहरुबाट सहयोग हुनेछ |
| मिथुन | : भाग्योदयको योग छ | धनु | : आफन्तबाट विरोध हुनेछ |
| कर्कट | : सहयोगी हातहरु बढ्नेछ | मकर | : पेसाबाट घाटा देखिन्छ |
| सिंह | : धर्मकर्ममा मन जानेछ | कुम्भ | : कामको उचित प्रतिफल पाइनेछ |
| कन्या | : नयाँ मित्रसँग भेटघाट हुनेछ | मीन | : धन आर्जन हुनेछ |

# एमसीसी प्रसारणलाइनको जग्गा अधिग्रहण शून्य, बेवास्ताले सीडीओहरू हैरान

काठमाडौं/मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल (एमसीए) नेपाल आयोजना कार्यान्वयन (इन्ट्री इन टू फोर्स- ईआईएफ) को ७ महिना बित्यो । तर, यो एमसीए-नेपालले अहिलेसम्म ३१५ किलोमिटर को प्रसारणलाइन परियोजनाको टावर प्याडका लागि एक कित्ता जग्गा पनि अधिग्रहण गर्न सकेको छैन ।

प्रक्रिया छिटो अघि बढाउन सहजीकरण र ताकेता गर्नुपर्ने एमसीए-नेपालका अधिकारी र परामर्शदाताहरु बेपत्ता भएपछि प्रमुख जिल्ला अधिकारी (सीडीओ)हरु नै हैरान छन् । एमसीए-नेपालले प्रसारणलाइनको तारमुनि पर्ने जग्गाको लागि एक रुपैयाँ पनि क्षतिपूर्ति तिरेको पनि छैन । मुआब्जा वितरण त परको कुरा, अहिलेसम्म प्रसारणलाइनमा पर्ने जग्गाको मुआब्जा तोक्ने काम समेत कुनैपनि जिल्लामा हुन सकेको छैन ।

एमसीसी परियोजना अन्तरगत नयाँ बुटवल, नयाँ दमौली र नुवाकोट रातमाटे सबस्टेशन निर्माण पनि गर्ने योजना छ । नुवाकोटको रातमाटेमा सबस्टेशन निर्माणका लागि २०.२७ हेक्टर जग्गा अधिग्रहण भइसकको छ भने बाँकी दुई सबस्टेशन नेपाल विद्युत् प्राधिकरणले उपलब्ध गराएको जग्गामा निर्माण हुनेछन् । तर, अहिलेसम्म प्रसारणलाइन निर्माण लागि भोगाधिकार लिनुपर्ने जग्गाको कारोबार रोक्का राखेर जग्गा धनीलाई अधिग्रहण हुने प्रारम्भिक सूचना दिने काम मात्रै भएको छ । अधिकांश जिल्लामा मुआब्जाको दररेट तोक्न समिति र त्यसअन्तर गत जग्गा मूल्यांकन प्रतिवेदन तयार गर्न उपसमिति बनेको करिब एक वर्ष बित्न लागिसक्यो । तर, एमसीए-नेपालकै ढिलाइले मुआब्जा तोक्न नसक्दा प्रमुख जिल्ला अधिकारीहरु हैरान छन् ।

जग्गा मूल्यांकन प्रतिवेदन फाइनल गर्न एमसीए-नेपालका कर्मचारी र परामर्शदाताले सहयोग नगरेको गुनासो उपसमितिका पदाधिकारीहरुले गरिरहेका छन् । एमसीए-नेपालले जग्गा प्राप्ति ऐनको व्यवस्थाअनुसार आयोजना प्रभावित घर परिवारको सामाजिक-आर्थिक, जनसांख्यिक र आर्थिक तथ्याङ्क संकलन गर्नुपर्छ । सर्वेक्षणका आधारमा समेत दररेट तोक्नुपर्ने भएकाले निर्णय गर्न नसकिएको प्रमुख जिल्ला अधिकारीहरुको गुनासो छ ।

एमसीए-नेपालको पुर्नवास कार्ययोजनाको अभिन्न अङ्गका रुपमा रहेको सो सर्वेक्षण विद्युत् प्रसारण आयोजना कार्यान्वयन सबै जिल्लामा हुनुपर्ने हो । तर, काठमाडौंबाहेक सिन्धुपाल्चोक, नुवाकोट, तनहुँ, पाल्पा, मकवानपुर, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा मात्रै चलिरहेको छ । एमसीए-नेपालले विद्युत् प्रसारण



लाइन आयोजनाबाट प्रभावित हुने क्षेत्रका लागि पुनर्वास, जीविकोपार्जन, पुनर्स्थापना योजनाको कार्यान्वयनका लागि भन्दै एसए इन्फ्रास्ट्रक्चर कन्सल्टेन्ट्स प्रालि, बोटेक बस्फरस टेक्निकल कन्सल्टिङ कर्पोरेसन, जीओइसी नेपाल प्रालि र टोटल म्यानेजमेन्ट सर्भिसेसलाई परामर्शदाताका रुपमा काम लगाएको छ ।

तर, परामर्शदाताले जग्गाको अवस्थाबारे जिल्ला प्रशासन कार्यालयहरुलाई सर्वेक्षण रिपोर्ट दिन सकेका छैनन् । एमसीए-नेपालले जग्गा अधिग्रहणको लागि दररेट तोक्ने प्रक्रियामै ढिलाइ गर्दा अधिकांश प्रमुख जिल्ला अधिकारीहरु रुष्ट छन् । 'एमसीए-नेपालकै अधिकारीहरुलाई हतारो छैन भने हामीले किन टाउको दुखाउनु ?' एक प्रमुख जिल्ला अधिकारी भन्छन्,'यो परियोजना अबको साढे ४ वर्षभित्र बन्नुपर्ने भनिएको छ, तर यो तरिकाले त जग्गाको दररेट टुंगो लगाउन नै अझै एक वर्ष लाग्ने देखिन्छ, अन्यत्रका अनुभव हेर्दा मुआब्जा वितरण गर्दा र विवादहरु समाधान गर्दा नै ५ वर्ष समय बित्न सक्छ ।'

एमसीसी अन्तरगत ८५६ वटा टावरसहित ३१५ किलोमिटरको ४ सय केभी प्रसारणलाइन बनाउनुपर्छ । प्रसारणलाइनका लागि १० जिल्लामा करिब १०४ हेक्टर जग्गा अधिग्रहण गर्नुपर्छ । जग्गा प्राप्तिको काम काठमाडौं जिल्लामै प्रारम्भिक चरणमा अल्झिएको छ । अधिकांश जिल्लामा जग्गा प्राप्ति गर्न तीनपुस्ते विवरणसहितको सूचना प्रकाशन मात्रै भएको छ । मूल्यांकन सिफारिस उप-समितिहरु स्थलगत रूपमा जग्गाका कित्ताहरूको मूल्यांकनसम्बन्धी काम र मुआब्जा निर्धारणको प्रक्रियामै अलमलिएका छन् ।

**के भन्छन् सीडीओहरू ?**

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)का प्रमुख जिल्ला अधिकारी सुरेश पन्थी दररेट तोक्नुअघि सर्भे भएर प्राविधिक रिपोर्ट नै नआइपुगेको बताउँछन् । 'एमसी-नेपालकै कारणले गर्दा ढिलाइ भइरहेको छ, उहाँहरुले त्यति तदारुकता देखाउन सक्नु भएन,' पन्थीले भने,'हाम्रो कारणले ढिलाइ भएकै छैन । प्राविधिक पूर्वतयारीको काम नभएकाले हामीले हाम्रो काम गर्न पाएका छैनौं ।'

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)तर्फ पनि त्यही हालत छ । जिल्लाकी प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठ पनि एमसीसी परियोजनाको जग्गा अधिग्रहण प्रक्रियमा खासै प्रगति हुन नसकेको बताउँछिन् । जग्गाको दररेट तोक्न सहायक सीडीओको नेतृत्वमा उपसमिति बनाएको भन्दै उनले बाँकी काम किन भएन भन्नेबारे एमसीए-नेपालकै अधिकारीहरुलाई सोध्नुपर्ने बताइन् । 'प्रभावित क्षेत्रको फिल्ड अनुगमन भएको छ, अरु काम भएको छैन,' उनले भनिन्,'अहिलेसम्म कामै सुरु भएको छैन, त्यसैले काम सुरु भएपछि यो मुआब्जा वितरणमा कति सजिलो अप्ठेरो हुन्छ भन्ने थाहा होला ।'

धादिङका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रे आफूहरुले समयमै निर्णय गरेर जग्गाको दररेट तोक्न उपसमिति बनाएपनि एमसीए-नेपालकै तर्फबाट प्राप्त हुनुपर्ने रिपोर्ट र विवरणाहरु नआएको बताउँछन् । उनले आफू समेत फिल्डमा गएर अधिग्रहण हुने जग्गाबारे जानकारी लिएको बताए ।

फिल्ड प्रतिवेदनसहित दररेट निर्धारणका आधारहरुको विवरण दिने काम एमसीए-नेपालकै भएकाले आफूहरुले त्यसलाई कुरिरहेको उनले बताए । 'फिल्ड प्रतिवेदन आएर पनि हामीले मूल्य तोक्न ढिलाइ गरेको भए हाम्रो कारणले समस्या भयो भन्न मिल्थ्यो होला, अहिले उहाँहरु नै ताकेता गर्न आउनु भएको छैन,' उनले भने, 'प्रसारणलाइनको ठेक्का रद्ध भएपछि उहाँहरु सेलाएजस्तो देखियो ।'

नुवाकोटका प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारी र ातमोटे सबस्टेसनको जग्गा अधिग्रहण भइरहेपनि प्रसारणलाइनको जग्गा अधिग्रहण प्रक्रियामा ढिलाइ भएको बताउँछन् । 'विवरण संकलन हुँदैछ, सकिने बेला भएको सुनेको छु,' उनले भने, 'सम्बन्धित आयोजनाले नै विवरण दिने भएपछि मेरो काम सुरु हुने भएकाले हाम्रोतर्फबाट ढिला भयो भन्न मिल्ने अवस्था छैन ।'

मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य सेढाइँ मूल्यांकन उपसमिति बनिसकेर फिल्ड सर्भे भइसकेको बताए । तर, एमसीए-नेपालले नै घरधुरी सर्भेसहित अधिग्रहण हुने जग्गा, पूर्वाधार, क्षतिपूर्ति तिर्नुपर्ने घर र बोटविरुवासम्मको विवरणसहित दिन सकेको छैन । एमसीए-नेपालका स्वतन्त्र परामर्शदाताले रायसल्लाह र सूचना दिँदा कुनै धाकधम्कीविना नै गरेको प्रमाणित हुने गरी प्रतिवेदन दिएपछि मुआब्जा तोक्ने काम सुरु हुने उनले बताए ।

चितवनका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको पनि भनाइ फरक छैन । जग्गा अधिग्रहण गर्नेबारे एउटा बैठक भएको भन्दै उनले ऐलानी जग्गाको सम्बन्धमा एमसीए-नेपालले नै काम गर्ने बताए । 'फिल्ड प्रतिवेदन आउन बाँकी छ, के कति प्रगति भएको छ भन्ने छ एमसीए-नेपालकै मान्छेहरुलाई सोध्नुपर्छ, उनले भने । तनहुँका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम उपसमिति बनेर मुआब्जा तोक्न तयारी गरिरहेको र सिफारिस प्रतिवेदन बनिरहेको बताउँछन् । 'यो परियोजनाबारे स्थानीयस्तरमा अर्कै सेन्टिमेन्ट छ, त्यसैले दररेट तोक्ने काम पेचिलो छ,' उनले भने, 'जनताको डिमान्ड उच्च छ, तार मुनिको जग्गामा शतप्रतिशत मुआब्जा तोक्नुपर्छ भन्ने माग छ, त्यसैले काम सजिलो छैन ।' जनतालाई चित्त बुझाउन एमसीसीकै परमर्शदाताले पनि सँगै काम गरेर यसलाई टुंग्याउनुपर्ने अवस्था रहेको गौतमले बताए ।

पाल्पाको एमसीसी परियोजनाको जग्गाको दररेट सिफारिस गर्न बनेको उपसमितिकी संयोजक तथा प्रशासकीय अधिकृत रमा श्रेष्ठ उपसमितिले फिल्डमा पुगेर जग्गाको अवस्था हेरिसकेको बताउँछिन् । 'धेरै टावरको जग्गा लिनुपर्ने भएकाले सहज छैन,' उनले भनिन्,'एमसीए-नेपालकै परामर्शदातासँग जोडिएर दरररेट सिफारिसको तयारीमा छौं ।'

**काठमाडौंमा भाँचिएन सिन्को**

एमसीए-नेपालले सिन्धुपाल्चोक जिल्लामा प्राप्ति गर्ने जग्गाको मूल्यांकन सिफारिसका लागि गठित उपसमिति बनाएर आयोजनास्थलको भ्रमण गरिरहेको छ । तर, प्रतिवेदन बनेर नआएकाले त्यहाँ पनि प्रक्रिया अलमलमै छ ।

काठमाडौंमा त झन् जग्गा अधिग्रहणको प्रारम्भिक काम समेत सुरु भएको छैन । लप्सीफेदी सबस्टेसनको जग्गामा मुआब्जा विवाद भएपछि जिल्लाभित्रको जग्गा अधिग्रहणलाई सार्वजनिक प्रक्रियामा लगिएको छैन । अहिलेसम्म काठमाडौंमा त प्रसारणलाइनमा पर्ने जग्गाको मूल्यांकन प्रक्रिया नै सुरु भएको छैन ।

यसरी ५ वर्षभित्र सक्ने गरी गत १३ भदौदेखि दिनगन्ती सुरु भएको एमसीसी परियोजना प्रसारण लाइन, सबस्टेसन र सडक परियोजना कतै पनि अहिलेसम्म ठेकेदार नै छनोट हुन सकेको छैन । ठेक्का प्रक्रिया रद्द गरेको साढे ४ महिनासम्म पनि नयाँ बोलपत्र प्रकाशित गर्न एमसीए-नेपाल असफल छ । बरु ढिलाइ हुने भएपछि नेपाल विद्युत प्राधिकरणको दबाबमा दोस्रो अन्तरदेशीय प्रसार लाइन न्यूबुटवल-गोरखपुर खण्डको १८ किलोमिटर निर्माण गर्न २ चैतमा छुट्टै ठेक्का प्रक्रियामा लगिएको छ ।

तर, सो खण्डमा पनि जग्गा प्राप्तिको काम अघि नबढेकाले केही समयभित्र ठेकेदार आएपनि काम लगाउने ठाउँ नै नहुने अवस्था रहेको जिल्ला प्रशासन कार्यालय नवलपरासीका अधिकारीहरु बताउँछन् । ठेकेदार छनोट नगर्दै कार्यान्वयनमा लगिएको एमसीसी परियोजनाले कहिलेसम्म प्रसारणलाइन र सडक स्तरोन्नति परियोजनाको ठेक्का निकाल्छ भन्ने अन्योल कायम छ । सबस्टेसनहरु निर्माणका लागि भएको ठेक्काको बोलपत्र मूल्यांकन बल्ल सकिएको छ ।

कुनै काम सुरु नभएपनि १२ भदौ २०८५ (अगस्ट २०२८) सम्म सबै काम नसकिए खर्च हुन बाँकी अमेरिकी अनुदान फिर्ता जाने निश्चित छ । पहिलो वर्षभरि निर्माणको कुनै काम नै नहुने स्थिति देखिएपछि अर्थ मन्त्रालयका अधिकारीहरु एमसीए-नेपालसँग असन्तुष्ट छन् ।

टेन्डर हुन बाँकी २ सय ९७ किलोमिटर प्रसारणलाइन को यही वर्ष (सन् २०२४) भित्र नयाँ टेन्डर खुल्ने एमसीए- नेपालले जानकारी दिएको छ । आयोजनाको पुन: डिजाइन गर्दै मुख्य लागतका अंशरुलाई संशोधन गर्दै डिजाइन मापदण्डहरु र निर्माण प्रावधानहरुको समीक्षा भइरहेको एमसीए-नेपालको दाबी छ ।

तर, समयसीमा तोकेर कार्यान्वयनमा गइसकेको परियोजना आयोजनाको पूर्वतयारीकै ठेक्का आह्वान, जग्गा अधिग्रहण, रुख गणनाजस्ता काममा समेत अल्मलिर हँदा सकरारले एमसीए-नेपाललाई गतिका साथ काम गर्न दबाब दिएको छैन । काम नगर्दा पनि लगातार छुट पाएपछि एमसीए-नेपालको नेतृत्व तह आयोजना कार्यान्वयनमा झन्-झन् उदाशीन देखिँदै गएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# यो हो संसारकै लामो फिल्म, जसको लम्बाई छ ८७ घण्टा

एजेन्सी, काठमाडौं/ फिल्मको लम्बाईमा एउटा सीमितता हुन्छ । फिल्म धेरै लामो हुँदा हल रिलिजमा समस्या आउने गर्छ । यसैले २ घण्टाको फिलमलाई 'परफेक्ट' मानिन्छ । तर, विश्वमा योभन्दा लामो धेरै फिल्म बनेका छन् । बलिउड फिल्म 'एनिमल' नै ३ घण्टा २१ मिनेट लामो थियो । नेपालमै पनि 'अगस्त्य' र 'रंगेली' झण्डै ३ घण्टाका थिए । तर, विश्वमा एउटा यस्तो फिल्म छ, जुन हेरिसक्न मात्र चार दिन लाग्छ ।

त्यो फिल्म हो, 'द क्योर फर इन्सोमनिया' । यसले संसारकै लामो फिल्मको रेकर्ड बनाएको छ । सन् १९८७ मा रिलिज गरिएको यो फिल्मको लम्बाई ८७ घण्टा (५२२० मिनेट) छ । अर्थात् यो फिल्म ३ दिन र १५ घण्टापछि सकिन्छ । जोन हेनरी टिमिस चतुर्थको निर्देशन रहेको फिल्मले गिनिज बुक अफ रेकर्डमा समेत नाम लेखाएको छ । तर, रोचक कुरा छ भने फिल्ममा कथा र प्लट छैन ।



फिल्ममा अभिनेता एल.डी. ग्रोबनले झण्डै ५ हजार पेज लामो कविता पढेका छन् । पहिलोपटक अमेरिकास्थित शिकागोको 'स्कूल फफ द आर्ट इन्स्टिच्यूट'मा फिल्म देखाइएको थियो । ३१ जनवरी १९८७ मा रिलिज भएको फिल्म ३ फेब्रअरी १९८७ मा सकिएको थियो । फिल्मको केही भागमा 'पोर्नोग्राफिक' कन्टेन्ट पनि छ । तर, अहिले यो फिल्मको सम्पूर्ण प्रतिलिपि हराइसकेको बताइन्छ ।

यो फिल्म ती मानिसहरुका लागि बनाइएको थियो, जसलाई निन्द्रा नलाग्ने समस्या (इन्सोमनिया) छ । जोसेफ एम्म माटुनेको निर्माण रहेको फिल्मलाई निर्देशक जोनले नै खिचेका थिए । भारतमा भने सबैभन्दा लामो फिल्मको रेकर्ड 'ग्याङ्गस् अफ वासेपुर'को नाममा छ । यसको लम्बाई ५ घण्टा बढी थियो । तर, यति लामो फिल्म हलले चलाउन नमानेपछि त्यसलाई दुई हिस्सामा बाँडिएको थियो ।

# फागुनका ६ फिल्म : 'अगस्त्य' औसत, अरु डुबे

काठमाडौं/गत मंसिर देखि माघसम्म ५ वटा फिल्म प्रदर्शनमा आए । जाडो मौसमका कारण फिल्म रिलिजमा कमी आएको थियो । त्यसमध्ये फिल्म 'दयारानी'ले मात्र लगानी सुरक्षित गऱ्यो । चलचित्र विकास बोर्डको तथ्यांकमा फिल्मको लाइफटाइम कलेक्सन २ करोड ६० लाख ग्रस छ । फागुन महिनामा भने फिल्म रिलिजको बाढी नै देखियो । यो एक महिनामा मात्र ६ वटा नेपाली फिल्म प्रदर्शन भए ।




फागुन पहिलो हप्ता अर्थात् ४ गते प्रदर्शनमा आएको आकाश मगर निर्देशित फिल्म 'जिग्री' दुई दिन पनि हलमा टिकेन । त्यसपछि फागुन ११ गते मिलन चाम्स निर्देशित फिल्म 'गोर्खा वारियर' प्रदर्शन भएको थियो । फिल्मको सुरुवाती व्यापार सन्तोषजनक देखिए पनि हलमा लामो यात्रा गर्न सकेन । फिल्मले करिब ५५ लाख ग्रस कलेक्सन गरेको रिपोर्ट प्राप्त छ । अर्थात् फिल्म असफल भयो ।

फागुन १८ गते प्रदर्शनमा आएको सौरभ चौधरी निर्देशित फिल्म 'अगस्त्य' भने बक्स अफिसमा औसत सावित भयो । फिल्मले चौथो हप्ताको अन्त्यसम्म २ करोड ३५ लाखमाथि ग्रस कलेक्सन गरेको रिपोर्ट प्राप्त छ । फागुनमा सर्वाधिक कमाई गर्ने फिल्मको रेकर्ड नै 'अगस्त्य'ले बनाएको छ । तर, यति व्यापारले फिल्मको लगानी सुरक्षित हुँदैन । यद्यपि, यो अंकलाई सन्तोषजनक मान्न सकिन्छ ।

फागुन २५ गते भने त्रिपक्षीय भिडन्त भएको थियो । 'उपहार', 'रंगेली' र 'काँडेतार' गरी तीन फिल्म एकसाथ प्रदर्शनमा आएका थिए । तर, यी कुनै फ्लप हुनबाट जोगिन सकेनन् । 'काँडेतार'लाई निर्माताले दुई दिनमै हलबाट उतारेका थिए भने 'उपहार' र 'रंगेली'ले कलाकारलाई तिरेको पारिश्रमिकको एक तिहाई पनि नउठाउने देखिन्छ । यसरी हेर्दा फागुनमा दश करोडको लगानी डुबेको छ ।

# 'बाटो'का निर्माताले किन हाले अशोक शर्माविरुद्ध उजुरी ?

काठमाडौं/फिल्म 'बाटो'को प्रदर्शन रोक्ने त्रास देखाएको भन्दै वितरक कम्पनी डिजिटल सिनेमा नेपाल (डिसिएन)का प्रमुख अशोक शर्माविरुद्ध चलचित्र विकास बोर्ड र चलचित्र निर्माता संघमा उजुरी परेको छ । फिल्मका निर्माता चन्दन झाले डिसिएनसँगको पुरानो सम्झौतालाई नयाँ ढंगले अगाडि बढाउन वा सम्झौता रद्ध गर्न प्रस्ताव गर्दा वितरक शर्माले अस्वीकार गरेको उजुरी पत्रमा उल्लेख छ ।

उजुरीमा भनिएको छ, 'हामीले डिसिएनलाई मार्केटिङ प्रमोसन आदिका लागि रकम आग्रह गरका थियौं । र, हाम्रो पुरानो सम्झौतालाई नयाँ ढंगले अगाडि बढाउन प्रस्ताव गरेका थियौं । तर, डिसिएनले हाम्रो सो प्रस्ताव अस्वीकार गरेको हुनाले हामीले वर्तमान सम्झौता रद्ध गर्न पनि अनुरोध गयौं । तर, डिसिएनका अध्यक्ष अशोक शर्माले सम्झौता रद्ध वा परिमार्जन गर्न अस्वीकार गरी नेपालमा हाम्रो फिल्मको प्रदर्शनमा रोक लगाउने त्रास देखाउनुभयो । निर्माताको हैसियतले म अन्त्यन्त पीडित अवस्थामा छु ।' निर्माता झाले यो विषयमा समस्या समाधानका लागि बोर्ड र निर्माता संघसँग अनुरोध गरेका छन् ।

फिल्मको प्रचारका लागि रकम आग्रह गर्दा अशोक शर्माले अस्वीकार गरेको र अर्को वितरकलाई दिए रिलिज रोक्ने त्रास देखाएको निर्माता झाको गुनासो छ । उनी भन्छन्, 'एक वर्ष अगाडि डिसिएनसँग सम्झौता हुँदा हामीलाई पैसाको खाँचो थिएन । तर, अहिले अप्ठ्यारो परेकाले केही रकम मागेका थियौं ।



अहिले आएर एमजी दिनुपर्ने कि २० लाख लगानी गर्नुपर्ने सर्त अगाडि सारेकाले आफू तयार नभएको उनले बताए । 'बाटो'लाई डिसिएनले वितरण गर्ने भनेर हल्ला भइसकेकाले फिल्म छाड्न नसकेको उनको भनाई छ ।

तर, अशोक शर्माले पैसा दिँदैनौं भन्नुभयो । अरुलाई वितरण गर्न दिन्छौं भन्दा पनि उहाँले मान्नुभएन । त्यस्तो गरे रिलिज नै गर्न दिन्नँ भन्नुभयो ।' फिल्ममा डिसिएनले केही लगानी गर्नुपर्ने उनको अडान छ ।

वितरक शर्माले भने पहिला भएको सम्झौताकै आधारमा फिल्म वितरण गर्न सकिने बताएका छन् । पहिला निर्माताले पैसा नचाहिने भनेर सम्झौता गरेको र

टिजर र ट्रेलरबाटै चर्चामा रहेको 'बाटो' रोड थ्रिलर फिल्म हो । मदन थापाको लेखन तथा निर्देशन रहेको फिल्ममा मिथिला शर्मा, रक्षा थापा, सुलक्षण भारती, उत्पल झा, विजय ताम्राकार लगायतको अभिनय छ । शरण ऋषिले फिल्म छायांकन गरेका हुन् । उनी दक्षिण भारतीय फिल्ममा सक्रिय छन् । फिल्मलाई नेपाली, अंग्रेजी, तमिल र हिन्दी गरेर ४ वटा भाषामा तयार गरिएको छ ।

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# 'सहसचिव सपना' हैन...

त्यसैले त समाज स्थानान्तरित आम्दानी (ट्रान्सफर इन्कम) लाई नै धनको स्रोत ठानिरहेको छ । अनि हामी त्यसै अनुरूप 'असुली व्यवहार' (रेन्ट सिकिङ विहेभियर) मै मस्त छौं । त्यसैबाट वैभवको सपना देखिरहेका छौं । यसर्थ, हामीले समृद्धिको सही भाष्य नै स्थापित गर्न सकेका छैनौं । परिणामस्वरूप कुनै अमूक विद्यार्थीको जागिर खाने 'सपना' नै गौरवीकृत दृष्टान्त बनिदिन्छ ।

ामीलाई यस्तो समृद्धि चाहिएको छ, जसले जनताको दैनिकीमा परिवर्तन ल्याउन सकोस् । जसले व्यवस्थापछि अवस्थामा परिवर्तन गर्न सकोस् । जसले आम नागरिकका दैनन्दिनका समस्याहरू समाधान होस् । सबैलाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको सुनिश्चितता होस् । गुणस्तरीय, दिगो र उपयोगी पूर्वाधारको निर्माण होस् । सार्वजनिक क्षेत्रको सुधार होस् । जनताले सहजै राज्यबाट प्रवाहित हुने सेवाको उपभोग गर्न पाउन् । सबैको आर्थिक र सामाजिक अधिकारको सुनिश्चितता होस् । विभेद र बहिष्करण भोग्नु नपरोस् । सबै सम्पन्न र खुसी होउन् । तर, हामीले ल्याउन खोजेको विकास र समृद्धिका लागि तय गर्नुपर्ने आधार भूत मार्ग के हो ? यसबारे भने समाज अनभिज्ञ मात्र होइन, पूराका पूरा बरालिएको छ । नि:सन्देह हामीलाई चाहिएको विकास, समृद्धि र उन्नतिका लागि हाम्रो आयस्रोत बढ्नुपर्छ । व्यक्तिगत, सामुदायिक र राज्यको तहमा हामी सम्पन्न हुनुपर्छ । धनी बन्नुपर्छ । तर, त्यसका लागि धन आर्जन गर्ने उपाय के हो ?

समाज 'सरकारी जागिर' मार्फत आफ्ना छोराछोरीको भविष्य सुरक्षित भएको देख्न चाहन्छ, अनि धनको सिर्जना कसले गरिदिन्छ ? सरकारी जागिर बाहेक अरू जुनसुकै प्रकारका इलम-उद्यमलाई काम ठान्दैन । झन् कृषिलाई त समाजले चिन्नै सकेको छैन । अनि कसरी त्यो विकास र समृद्धिको सही भाष्य स्थापित हुनसक्छ ?

नि:सन्देह मुलुकको आर्थिक रूपान्तरण, समृद्धि र उन्नति उत्पादनशील कर्मबाट हुने हो । इलम-उद्यम र व्यापार-व्यवसायको बाटो हुँदै हुने हो । यसका लागि विद्यालय शिक्षादेखि नै इलम-उद्यम र नयाँ अन्वेषण तथा नवप्रवर्तनमुखी पाठहरू सिकाउँदै जानुपर्ने हो । समाजले पनि कथित जागिर हैन, उद्यमशीलतालाई जोड गर्नुपर्ने हो ।

चेतना बाँड्ने र सही भाष्य निर्माण गर्ने संस्थाहरूले पनि त्यसै अनुरूपका दृष्टान्तहरूको प्रवर्द्धन गर्नुपर्ने हो । तर, यहाँका सार्वजनिक वृत्तदेखि विश्वविद्यालय र सम्पूर्ण औपचारिक फोरमहरूमा तिनै 'नोकरी मार्फत भविष्य सुनिश्चित' बनाएर ओठे सेवा -माउथ सर्भिस) दिने कर्मचारीतन्त्रकै दबदबा छ । तिनले आफ्नो दुनो सोझ्याउन निजी क्षेत्र मात्र होइन, उच्च राजनीतिक नेतृत्वसँग पनि अदृश्य जालो (नेक्सस) बनाएको छ । अनि कसरी विकास, समृद्धि र उन्नतिको सही संवाहकको भाष्य स्थापित हुन्छ ?

यसर्थ, सरकारी जागिर खाने सोच सामान्य हो । त्यसमा कुनै अतिरिक्त राष्ट्र प्रेम वा देशभक्ति देख्नु जरूरी नै छैन । सुनिन्छ, उच्च तहका अधिकांश कर्मचारीका छोराछोरीहरू विदेशमा बस्छन्, अनि उनीहरूको पनि अवकाशपछिको समय विदेशमै व्यतीत हुने गरेको देखिन्छ । आखिर, राज्यले जनताबाट चुनदाम गरी कर्मचारीको सेवा सुविधा मार्फत सुरक्षित गरिदिएको भविष्य त विदेशकै लागि न रहेछ !

अनि अर्कोतिर जसरी बसाइँसराइको बढ्दो प्रवृत्ति छ, यसलाई पनि तत्काल रोक्न सकिँदैन । किनकि यो त अवसरको खोजीका लागि भइरहेको विश्वव्यापी प्रक्रिया (फेनोमेना) हो । यसर्थ, यसलाई सहजै रोक्न सकिँदैन । हो, एकातिर पहाड खाली भएर समथर तराई-मधेश र शहरी क्षेत्र गुल्जार हुँदैछन् । अर्कोतिर शहर छाडेर विदेशिनेहरू पनि उत्तिकै बढ्दैछन् । त्यसैले अब युवाहरू विदेशिए भन्दै रोईकराई गरेर भन्दा पनि खाली बन्दै गएको गाउँलाई कसरी उपयोगमा ल्याउने भन्ने सोच्ने बेला भएको छ ।

हामीले विगत दुई दशक 'गाउँको शहरीकरण'लाई नै विकास ठान्ने भूल गरेछौं । गाउँलाई शहर बनाउनुपर्थेन । विगतमा सडक सञ्जाललाई सबैभन्दा महत्वपूर्ण आवश्यकता ठानियो । हुन पनि हो । सडकले नै आधुनिक बजारलाई जोड्ने हुँदा सडक पहिलो प्राथमिकतामा पर्ने नै भयो । तर, सडक बनाउँदा हामी यति बरालियौं कि अहिले केही हिमाली जिल्लाका विकट भूगोल बाहेक डोजरले खोतल्न बाँकी कुनै भर्जिन डाँडाकाँडा र पहाड रहेनन् ।

पूर्वाधारले शहरीकरण गरिएका गाउँहरू अहिले रित्ता भएका छन् । उब्जनी घट्दो मात्र छैन, पहाडका अधिकांश जमिन बाँझै छन् । त्यसैले अब ती रित्ता गाउँलाई कसरी उपयोगमा ल्याउने ? ती बाँझिँदै गरेका जमिनलाई कसरी उपयोग गर्ने ? त्यो नीति र योजना जरूरी छ । मान्छेविहीन गाउँघरमा के उत्पादन गर्ने ? त्यसको अन्वेषण जरूरी छ । गाउँघरमा कस्तो इलम-उद्यम प्रवर्द्धन गर्ने ? त्यो सोच निर्माण गर्नु जरूरी छ ।

ग्रामीण अर्थतन्त्रलाई शहरी अर्थतन्त्रको गतिशीलतासँग कसरी जोड्ने ? अहिले त्यही योजना र कार्यक्रम चाहिएको छ । अनि हामी जहिल्यै सरकारले रोजगारी सिर्जना गरेन, उद्योग खोलेन भन्दै हिंड्छौं । तर, उद्योग कलकारखाना खोल्ने, उत्पादन बढाउने आदि काम सरकारले गर्ने होइन । नि:सन्देह यी कार्य निजी क्षेत्रले गर्ने हो ।

*(साभार: अनलाइनखबर)*



गाईबस्तुलाई खुवाउन घाँस बोकेर ल्याउँदै थाहानगरका कृषक । बुढ्यौली उमेरमा पनि उनीहरु कृषिकर्ममा सक्रिय छन् । गाईभैंसीपालनबाट घरखर्च जोहो हुने भएपछि किसानहरु दिनरात मिहेनत गर्ने गरेका छन् । थाहानगर कृषिप्रधान क्षेत्र हो । यहाँका सबै किसान गाईभैंसी पालनमा व्यस्त छन् । उत्पादित दूध बिक्रीबाट उनीहरु आत्मनिर्भर छन् । *तस्बिर सौजन्य: गणेश विष्ट/थाहानगर*

# शिवशक्तिको आयोजनामा किसान चौतारी कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ भीमफेदी गाउँपालिका-५ सुपिडस्थित शिवशक्ति कृषि सहकारी संस्थाले वडा नम्वर-२ भैंसेमा किसान चौतारी कार्यक्रम सञ्चालन गरेको छ ।

कृषकलाई जैविकखेती तर्फ उन्मुख गराउने उद्देश्यकासाथ स्थानीय जनप्रतिनिधि, राष्ट्रिय कृषकसमूह महासंघ, साना किसान समूह तथा कृषि सहकारीका अध्यक्ष एवम् प्रतिनिधिको उपस्थितिमा कार्यक्रम भएको हो । विषादिमुक्त अर्गानिक उत्पादन प्रवर्द्धन गर्नका लागि कृषकलाई जागरुक गराउने उद्देश्यका साथ सहमागितामूलक सुनिश्चितता प्रणाली (पीएसजी कार्यक्रम) लागू गर्ने सम्बन्धमा सरोकारवालाबीच अन्तरक्रिया भएको थियो ।



कार्यक्रमका प्रमुखअतिथि एवम् भीमफेदी गाउँपालिका उपाध्यक्ष सञ्जीव श्रेष्ठले पालिकाले चाँडै नै कार्यविधि बनाएर पीएसजी कार्यक्रमको लोगो प्रमाणित गर्ने बताए । उनले शिवशक्ति कृषि सहकारीले पालिकामा कृषिसम्बन्धी कार्यक्रम आयोजना गरेर किसानलाई अर्गानिक उत्पादनतर्फ जागरुक गराएको भन्दै धन्यवाद दिए । श्रेष्ठले पालिकाबाट कृषिक्षेत्रको प्रवर्द्धनका लागि थुप्रै रचनात्मक कार्यक्रम अघि सारिएको बताए ।

अर्गानिकउत्पादन हाटबजारबाट विक्रीवितरण गर्नका लागि धोर्सिङमा हाटबजार सञ्चालन गर्ने तयारी भइरहेको उनले बताए । 'पालिकाले किसानको सम्मान गर्दै कृषिऔजार, वीउविजन तथा पशु वितरण गर्ने, बाली प्रवर्द्धनका लागि अनुदान दिने गरिरहेको छ । स्थानीय विभिन्न प्रजातिका वीउबिजनको उत्पादन तथा संरक्षणका लागि कृषिसम्वद्ध संस्थासँग समन्वय गरिरहेका छौं, तपाईंहरु गर्छु भनेर आउनुहोस्, हामी सहयोग गर्न तयार छौं,' उनले भने ।

त्यस्तै भीमफेदी-५ का वडाअध्यक्ष जहारसिं लामा र २ का वडाअध्यक्ष काशीराम बज्युले स्थानीय उत्पादनलाई सहकारीमार्फत् संकलन गरी स्थानीय सरकारले बजारीकरणका लागि सहयोग गर्ने बताए । पीएसजी कार्यक्रम कृषक र उपभोक्ता दुवैको हितमा रहेको भन्दै उनीहरुले पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रममा क्रमश राष्ट्रिय कृषक समूह महासंघका केन्द्रीय अध्यक्ष पञ्चकाजी श्रेष्ठ, उपाध्यक्ष अनिता बस्नेत, सचिव लक्ष्मी भण्डारी, कार्यकारी अधिकृत बेद लामिछाने, बागमती प्रदेश सचिव दीपक पुडासैनीलगायतले पीएसजी कार्यक्रमको विषयमा कृषकलाई प्रष्ट पार्दै कृषिउत्पादन संकलन केन्द्रको स्थापना गर्नुपर्ने, जमिन बाँझो राख्न नहुने, विषादिको प्रयोग घटाउँदै लैजानुपर्ने विषयमा जोड दिए ।

एफएफओ र विश्व खाद्य संगठनको आर्थिक सहयोगमा भएको कार्यक्रममा शिवशक्ति कृषि सहकारीका अध्यक्ष गिरीराज पुडासैनीको अध्यक्षता रहेको थियो भने सचिव प्रल्हाद पुडासैनीले सहजिकरण गरेका थिए ।

# भीमफेदीका महिलालाई अचार बनाउने तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/ भीमफेदी गाउँपालिका-३ मा भएको सात दिने अचार बनाउने तालिम समापन गरिएको छ । प्रेरणा विकास तथा जागरण समितिको आयोजना र बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा तालिम भएको हो ।

तालिममा ३१ जना महिलाको सहभागिता रहेको थियो । बागमती प्रदेशकी सामाजिक विकासमन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यता तथा प्रेरणा विकास तथा जागरण समितिका अध्यक्ष सोकबहादुर सिन्तानको सभाध्यक्षतामा कार्यक्रम भएको हो । सहभागी महिलालाई कार्यक्रममा प्रमाणपत्र वितरण गर्दै मन्त्री मोक्तानले महिलालाई आर्थिकरुपले सक्षम बनाउन प्रदेश सरकारले यस्ता तालिम सञ्चालन गरिरहेको बताइन् ।



उनले स्थानीयस्तरमा उत्पादित कृषिउपजलाई प्रशोधन गरेर राम्रो आम्दानी गर्न सकिने भन्दै तालिममार्फत् व्यावसायिक र परिवारको आत्मनिर्भरतामा टेवा पुग्ने बताइन् । आयोजक संस्थाले कागती, मेथी, खुर्सानी, मासु,काँक्रो, करेला, गाजरलगायत घरवरिपरै पाइने तरकारीबाट अचार बनाउने तालिम दिइएको संस्थाकी सचिव मिन तामाङले जानकारी दिए ।

७ दिने तालिममा अनुभवी प्रशिक्षक सूचना श्रेष्ठले अचार बनाउने विधि, प्याकेजिङ गर्ने तरिका र बजारीकरण बारे सहजीकरण गरेकी थिइन् ।

महिलालाई अन्तर्राष्ट्रिय बजारमा खपत हुने गुणस्तरीय अचार बनाउन सिकाई घरमै बसेर आम्दानी गर्ने अवस्था सिर्जना गर्ने उद्देश्यले आयोजित तालिम प्रभावकारी भएको भीमफेदी-३ का वडाअध्यक्ष प्रितिलाल लामाले बताए । वडाअध्यक्ष लामाले ७ दिनको तालिमबाट महिलाले अचार बनाउने विधि सिक्नुको साथै मसला मिसाउने, तरकारी काट्ने र अचार गुणयुक्त बनाउने तरिका सिकाइएकाले महिलाहरु यसलाई व्यावसायिक रुपमा सञ्चालन गर्न सक्षम भएको उनको भनाइ छ ।

सहभागी रीता बलले तालिममा आफ्नै हातले अभ्यास गरेकाले अब घरमै जुनसुकै प्रकारको अचार बनाउन सकिने बताइन् । कार्यक्रममा भीमफेदी गाउँपालिका-३ का वडासदस्य बुद्धिमान बज्यू, सोनामसिं स्याङतान, समाजसेवी अमृत बल, सञ्चारकर्मी रुपक कालिराजलगायतले महिलालाई तालिम लिएर व्यावसायिकरण गर्न अग्रसर हुन आग्रह गरेका थिए । ७ गते गाउँपालिका उपाध्यक्ष सञ्जिव श्रेष्ठले उद्घाटन गरेको तालिम बुधवार समापन भएको हो ।

# विषादि प्रयोग र नियमनसम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १४ चैत/थाहा नगरपालिकाले नगरका एग्रोभेट सञ्चालकलाई विषादिको प्रयोग र नियमनका बारेमा जानकारी दिने उद्देश्यले तीनदिने पुनर्ताजगी तालिम प्रदान गरेको छ ।

थाहा नगरपालिका कृषिशाखाले पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिको सभाहलमा तालिमको आयोजना गरेको हो । एग्रोभेट सञ्चालकले किसानसँग प्रत्यक्ष जोडिएर काम गर्नु पर्ने हुनाले विषादिको प्रयोग र नियमनका बारेमा सरकारी निकायलाई भन्दा बढी जानकारी हुनुपर्ने भन्दै तालिमको आयोजना गरेको थाहानगर कृषिविकास अधिकृत विकास सुनारले जानकारी दिए ।



तालिममा थाहा नगर पालिका कृषि विकास शाखा अन्तर्गत पालिका र वडा कार्यालयमा रहेका कृषि प्राविधिकको समेत सहभागिता रहेको छ । तालिममा प्लान्ट क्वारेन्टाइन एवम् विषादि व्यवस्थापन केन्द्रका बालीसंरक्षण अधिकृत माधव भट्टले नेपालमा विषादिको अवस्था, कस्ता विषादि प्रतिबन्धित रहेका छन् ? लगाएतका विषयमा सहजीकरण गरि रहेका छन् ।

तालिममा थाहा नगरभित्र रहेर एग्रोभेट संचालन गरिरहेका संचालकको सहभागिता रहेको छ । तालिम १५ गतेसम्म चल्ने थाहानगर कृषिशाखाले जानकारी दिएको छ ।

थाहानगरका किसानले उत्पादन गरेको बेमौसमी तरकारीमा अधिक बिषादि प्रयोग भएको भन्ने हल्लाका कारण तरकारीको बजार मूल्यमा समेत नकारात्मक असर गरिरहेको बताइएको छ ।

# क्यान्सरको औषधि नि:शुल्क उपलब्ध गराउने सहमति

काठमाडौं, १४ चैत/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) तथा सेन्ट ज्यूड चिल्ड्रेन रिसर्च इन्सिच्युटबीच बालबालिकामा हुने क्यान्सर रोगको उपचारका लागि नि:शुल्क औषधि उपलब्ध गराउने सहमति भएको छ ।

बुधबार मन्त्रालयमा आयोजित एक कार्यक्रममा स्वास्थ्य सचिव डा रोशन पोखरेल र डब्लुएचओ नेपालका प्रमुख डा राजेश संभाजीराव पाण्डवबीच सोसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

स्वास्थ्य सचिव डा पोखरेलले समझदारीले नेपालमा क्यान्सरबाट पीडित बालबालिकाको उपचारमा सुधार ल्याउन ठूलो योगदान पुऱ्याउने बताए । उनले सुरुमा सो नि:शुल्क औषधि विभिन्न चारवटा सरकारी अस्पतालमा उपलब्ध गराइने भए पनि पछि आवश्यकताका आधारमा अन्य अस्पतालमा पनि विस्तार गरिने जानकारी दिए ।

डब्लुएचओका नेपाल प्रमुख डा पाण्डवले क्यान्सर भएका बालबालिकाको अत्यावश्यक औषधिमा पहुँच सुनिश्चित गर्नुका साथै क्यान्सर पीडित बालबालिकाको परिवारमा पर्ने आर्थिक भार कम गर्न यो कार्यक्रमले मद्दत गर्ने बताए ।

'नेपालमा हरेक वर्ष करिब नौ सय बालबालिकामा क्यान्सर पहिचान हुने गरेको छ । यद्यपि, उपचार तथा सेवामा सीमित पहुँच र स्रोतको अभावले गर्दा, क्यान्सर भएका बालबालिकामध्ये एक तिहाइले मात्र उपचार पाउने गरेका छन् । यसबाट हुने मृत्यु पनि बढ्दै गएको छ', उनले भने, 'समझदारीले औषधि उपलब्धतासँगै क्यान्सरको उपचारमा पहुँच बढाउन मद्दत गर्नेछ ।'

मन्त्रालयका नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख डा कृष्णप्रसाद पौडेलले समझदारीमा अनुसार नेपालले बालबालिकामा हुने क्यान्सरका ३५ प्रकारका औषधि नि:शुल्क प्राप्त गर्नेछ । समझदारी अनुसार नेपालले आगामी चार वर्षसम्म क्यान्सरको नि:शुल्क औषधि पाउने छ । उनका अनुसार आगामी सेप्टेम्बरदेखि उक्त औषधि नेपाल आउने क्रम सुरु हुनेछ ।

समझदारीअनुसार सरकारी अस्पताल भक्तपुर क्यान्सर अस्पताल, विपी कोइराला क्यान्सर अस्पताल भरतपुर, कान्ति बाल अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गर्ने बालबालिकाले नि:शुल्क क्यान्सरको औषधि प्राप्त गर्नेछन् । नेपाल ग्लोबल इनिसिएटिभ फर चाइल्डहुड क्यान्सरका लागि विशेष राष्ट्रको रुपमा सन् २०२० मा छनोट भएको थियो ।

हाल क्यान्सर भएका बालबालिकामा निको भई बाँच्नेदर न्यून र मध्यम आय भएका देशमा मात्र २० देखि ३० प्रतिशत रहेको छ भने उच्च आय भएका देशहरूमा ८० प्रतिशतभन्दा बढी रहेको छ । बालबालिकामा देखिने क्यान्सर नेपालजस्तो अल्पविकसित देशमा निको हुने दर कम रहेको छ । करिब २० देखि ३० प्रतिशत मात्र बालबालिका निको भई बाँच्ने दर रहेको छ । विकसित देशमा भने ८० देखि ९० प्रतिशत बाल क्यान्सर रोग निको पार्न सकिन्छ ।

नेपालले सन् २०३० सम्ममा क्यान्सर भएका बालबालिकाको बाँच्ने दर कम्तीमा ६० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । कान्ति बाल अस्पतालका वरिष्ठ बाल क्यान्सर रोग विशेषज्ञ डा सनि सिपाइले नेपालमा आर्थिक अभावका कारणले अझै पनि बालबालिका उपचारमा नआएको बताए ।

उनले बालबालिकालाई समयमा नै क्यान्सर रोगको उपचार गरे निको हुने सम्भावना बढी हुने बताए । उनले नेपालमा नै बालबालिकामा हुने रक्त क्यान्सर ९० प्रतिशत निको पारिरहेको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# ८ महिनामा आयो साढे १ खर्ब लगानी प्रतिबद्धता

काठमाडौं, १४ चैत/ चालु आर्थिक वर्ष २०८०/८१ को ८ महिना (साउन-फागुन) मा साढे १ खर्ब रुपैयाँ बराबरको लगानी प्रतिबद्धता (प्रस्तावित) आएको छ ।

उद्योग विभागका अनुसार फागुन मसान्तसम्म १ खर्ब ५५ अर्ब रुपैयाँ बराबेका कुल लगानी प्रतिबद्धता आएको हो । उद्योग विभागका अनुसार फागुन महिनामा मात्र २ अर्ब ६८ करोड रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको छ ।

यस वर्ष लगानी प्रतिबद्धता गत वर्षको यसै अवधिको तुलनामा वृद्धि भएको छ । अघिल्लो वर्षको फागुनसम्म १ अर्ब २७ अर्ब रुपैयाँ बराबरको लगानी प्रतिबद्धता आएको थियो ।

यस वर्ष फागुनसम्म वैदेशिक लगानी प्रतिबद्धता भने २९ अर्ब १३ करोड रुपैयाँ पुगेको छ । गत वर्षै फागुनसम्म २७ अर्ब ७७ करोड रुपैयाँ वैदेशिक लगानी प्रस्ताव आएको थियो । विभागका अनुसार यस वर्ष फागुनसम्म स्वदेशी तथा विदेशी २५८ वटा उद्योग दर्ता भएका छन् । यसमध्ये ठूला उद्योगको संख्या ३२ रहेको छ ।

मझौला उद्योग २२ र साना उद्योगको दर्ता २०४ रहेको विभागले जनाएको छ । यस वर्ष दर्ता भएका स्वदेशी उद्योगले १८ हजार १५३ रोजगारी दिन सक्ने तथ्यांकमा उल्लेख छ । विदेशी लगानी तर्फ फागुनसम्म कुल २५३ वटा उद्योग दर्ता भएका छन् । यी उद्योगले १३ हजार १६९ रोजगारी सिर्जना गर्न सक्ने देखिएको छ । वैदेशिक लगानी फागुन महिनामा मात्र ६ अर्ब ४७ करोड आएको छ ।

# इजरायलको कृषि क्षेत्रमा म्यानपावरबाट श्रमिक पठाउन रोक




काठमाडौं, १४ चैत/ सरकारले इजरायलको कृषि क्षेत्रमा मेनपावर कम्पनीहरुबाट कामदार पठाउने भर्ना प्रक्रिया स्थगित गरेको छ । इजरायलको कृषि क्षेत्रमा कामदार लैजाने विषयमा अध्ययन भइरहेको भन्दै म्यानपावर कम्पनीहरुबाट इजरायलका लागि कामदार भर्ना प्रक्रिया स्थगित गरेको वैदेशिक रोजगार विभागले जानकारी दिएको हो ।

नेपाल सरकार र इजरायल सरकारबीच श्रम सम्झौता अनरुप बीटूबी माध्यमबाट इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा नेपालबाट सहायक कामदारहरु पठाउँदै आइएको थियो । विभागले एक सूचना जारी गर्दै हाल बीटुबीको माध्यमबाट इजरायलको कृषि क्षेत्रमा कामदार लैजाने विषयमा मन्त्रालयबाट पुनरावलोकनका लागि समिति गठन भएर अध्ययन भइरहेको समेत प्रेस वक्तव्यमार्फत जानकारी दिएको छ ।

विभागका अनुसार यस विषयमा कुनै निर्णय नभएकाले भएमा विभागको वेबसाइटबाट सार्वजनिक रुपमा सूचना प्रकाशन गर्ने बताएको छ । त्यस्तै इजरायलका विभिन्न क्षेत्रमा रोजगारीको प्रलोभन देखाएर विभिन्न व्यक्ति, संस्था तथा समूहहरुले गैरकानूनी रुपमा रकम उठाउने गरेको सूचना विभागमा प्राप्त भएकाले कृषि क्षेत्र तथा अन्य क्षेत्रका नाममा हुन सक्ने ठगीबाट सचेत रहन विभागले सबैलाई आग्रह गरेको छ ।


हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना